
# लेखापरीक्षण प्रतिवेदन
# रौतहट
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# Serving the Nation and the People

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. रौतहट जिल्ला अदालत | ३ |
| | ३.२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३ |
| | ३.३. डिभिजन सडक कार्यालय | ४ |
| | ३.४. जिल्ला कृषि विकास कार्यालय | ७ |
| | ३.५. जिल्ला पशु सेवा कार्यालय | ८ |
| | ३.६. जिल्ला प्राविधिक कार्यालय | ९ |
| | ३.७. जिल्ला विकास समिति | १० |
| | ३.८. जिल्ला शिक्षा कार्यालय | १६ |
| | ३.९. जिल्ला स्वास्थ्य कार्यालय | २० |
| | ३.१०. महिला तथा बालबालिका कार्यालय | २० |
| | ३.११. मालपोत कार्यालय | २४ |
| | ३.१२. स्थानीय विकास कोषको सचिवालय | २४ |
| | ३.१३. सिंचाई डिभिजन कार्यालय | २५ |
| ४. | आन्तरिक लेखापरीक्षण | २५ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २६ |
| अनुसूची २ : | बेरुजूको स्थिति | २७ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | २९ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | ३० |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असुली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याइ गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १४ कार्यालयको विस्तृत र २७ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ४१ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.५ अर्ब ५९ करोड ९९ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची-१ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १७ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल २१० दफा र रु.४० करोड ५५ लाख ७२ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म बेरुजु फछ्र्योट हुने प्रमाण सहितको प्रतिक्रिया भएन। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको ६५ दफा मिलान गरी बाँकी दफा १४५ कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.१ लाख २३ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.५१ लाख ८० हजार, अनियमित रु.१६ करोड ९९ लाख ३१ हजार र पेश्की रु.२३ करोड ४ लाख ६१ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची-२ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारी बमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची-३ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## रौतहट जिल्ला अदालत

१. **नापी किताब** : गार्डक्वाटर र स्यानीटरी पोष्ट निर्माण कार्यको नापजाँच गरी आएको परिमाण नापी कितावमा चढाउनु पर्नेमा लुजसिटमा प्रविष्ट गरेको छ । २०७१।७२ र २०७२।०७३ मा भुक्तानी भएको रकमको एकै नापी कितावमा समावेश गरी कुल कार्य र भुक्तानी देखाउनु पर्नेमा फरक फरक लुजसिटको नापी किताब संलग्न गरेकोले अद्यावधिक भुक्तानी र कार्य परिमाण खुल्ने गरी नापी किताव तयार गर्नुपर्दछ ।

२. **खर्च शीर्षक फरक** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३५ अनुसार सम्वन्धित वजेट शीर्षकमा खर्च लेख्नु पर्नेमा रु.२ लाख ४० हजारको स्टेशनरी एवं कार्यालय सामान खरिद गरेकोमा परामर्श सेवावाट शिर्षक फरक पारी खर्च लेखेको छ ।

३. **धरौटी** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम १७१ वमोजिम कार्यालयको स्रेस्ताले देखाएको धरौटी मौज्दात र बैंकमा वांकी धरौटी मौज्दात मासिक रुपमा भिडान गरी हिसाव मिलान गर्नुपर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले उपलव्ध गराएको २०७२।७३ को धरौटीको जिल्लागत अभिलेख खातामा रु.२ करोड ४ लाख ५१ हजार मौज्दात देखाएकोमा कार्यालयको श्रेस्ता अनुसार रु.१ करोड ९६ लाख ३८ हजार मौज्दात देखिएकोले कार्यालयले घटी मौज्दात देखाएको रु.८ लाख १३ हजारको हिसाव मिलान गर्नुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **कानूनको पालना** : कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा तालुक कार्यालयले समयमा खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, भ्रमण अभिलेख नराखेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.फा.नं २ मा मर्मत अभिलेख नराखेको, घरजग्गाको लगत नराखेको, तोकिएको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको, आन्तरिक लेखापरीक्षणबाट देखिएको वेरुजू उपर आवश्यक कारवाही नगरेको, कन्टिजेन्सी खर्चलाई नापी किताबमा प्रविष्टि नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **क्रमागत योजना** : यो वर्ष संचालित ५६ खानेपानी आयोजनामध्ये २१ आयोजना २०५७।५८ देखि २०६८।६९ को विचमा सुरु भएको र २०७५।७६ सम्म सबै सम्पन्न हुने उल्लेख गरेको पाइन्छ । एक खानेपानी आयोजना १५ वर्षसम्म निर्माणाधिन अवस्थामा रहेको देखिन्छ । जनतालाई स्वच्छ, सफा खानेपानीको पहुंच विस्तार गरी जनताको स्वास्थ्यस्तरलाई न्यून हुन नदिन र स्वच्छ सफा खानेपानी सवैलाई उपलव्ध गराउने लक्ष्यको निर्माण कार्य पूरा हुन सक्ने देखिएन । निर्माणाधिन ५६ आयोजना मध्ये ४७ को यो वर्षको प्रगति ०.६६ प्रतिशत देखि ५८ प्रतिशतसम्म देखिएकोले समयमा आयोजना सम्पन्न हुने अवस्था देखिएन ।

३. **उपभोक्ता समितिको काम** : कार्यालयवाट प्राप्त विवरण अनुसार ३१ आयोजना उपभोक्ता समितिको साझेदारीमा संचालन भएको छ । कुल लागत अनुमान रु.३ करोड ४४ लाख २२ हजार मध्ये कार्यालयले रु.१ करोड ९५ लाख ७९ हजार र उपभोक्ता समितिले रु.२८ लाख ६८

हजार व्यहोरेको पाइयो । आयोजनाको कार्य प्रगति पेश नभएको र निर्मित संरचनाको मर्मत संभार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ता समूहलाई आयोजना हस्तान्तरण गरेको पाईएन ।

४. **अनावश्यक खरिद** : खानेपानी तथा ढल निकास विभागले अनावश्यक मौज्दात रहने गरी पाइप तथा फिटिङ्स खरिद गर्न नहुने निर्देशन जारी गरेको भएतापनि कार्यालयले २ आयोजनाका लागि गतवर्षको मौज्दात परिमाण नै अत्यधिक मात्रामा भएको र सो मध्येवाट यो वर्ष नगन्य परिमाण मात्र आयोजनाको प्रयोग भएको अवस्थामा समेत यो वर्ष थप खरिद गरेकोले अन्तिम मौज्दात वृद्धि हुन गएको छ ।

| आयोजना को नाम | पाइपको किसिम र साइज mm/kg | गत वर्षको जिम्मेवारी | यस वर्षमा खरिद | जम्मा | जिन्सीवाट खर्च | वांकी मौज्दात | |
|---|---|---|---|---|---|---|---|
| | | मिटर | | | | | रकम |
| कटहरीया | २००/४ | ५४३ | २७४ | ८१७ | १२ | ८०५ | ९,८६,१२५।- |
| ,, | १६०/४ | ३३० | ३३८ | ६६८ | ६ | ६६२ | ५,१९,५३७।- |
| ,, | १८०/४ | ५०० | १४५ | ६४५ | ० | ६४५ | ६,२९,२०१।- |
| ,, | ११०/४ | ३३५ | ५२५ | ८६० | ५५० | ३१० | ३५,१८५।- |
| ,, | ६३/४ | ० | ३०० | ३०० | ० | ३०० | ९९,१०५।- |
| सरमुजवा | ५०/४ | ११४५ | १४५५ | २६०० | २५२० | ८० | ५,८६८।- |

बर्षन्तमा मौज्दात राख्ने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५. **पेश्की वाँकी** : वर्षान्तमा वाँकी रहेको पेश्की रु.९२ लाख ८० हजार नियमानुसार असुल फछ्र्यौट गर्नु पर्दछ ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा भ्रमण अभिलेख नराखेको तथा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, मूल्य नखुलेको सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ को मर्मत अभिलेख नराखेको, घरजग्गाको लगत नराखेको, तोकिएको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको, आन्तिरिक लेखापरीक्षणबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको, कन्टिजेन्सी खर्चलाई नापी कितावमा प्रविष्टि नगरेको, तलवी प्रतिवेदन पारित नगरी यो वर्ष रु.२४ लाख ४७ हजार तलब भत्ता खर्च लेखेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **लागत अनुमान :** सार्वजानिक खरिद नियमावली, २०६४, को नियम १०(६) मा पेश भएको लागत अनुमानलाई प्राविधिकद्वारा नापजाँच गराई त्रुटि भए सच्याई एक तह माथीबाट स्वीकृत हुनुपर्ने व्यवस्था गरेको छ । दुई पुल निर्माणको परामर्शदाताबाट लागत अनुमान तयार भई पेश भएकोमा डिजाइन, कामको परिमाणमा कुनै परिवर्तन नभएको र कुनै आईटममा थपघट नभएको अवस्थामा समेत पेश भएको भन्दा रु.२ करोड ९४ लाख बढी रकमको लागत अनुमान महानिर्देशकवाट स्विकृत गरेको देखिन्छ । नियमावलीमा व्यवस्था गरे अनुरुप प्राविधिक नापजाच गरी यथार्थ लागत अनुमानलाई स्वीकृत गर्नुपर्नेमा सो प्राविधिक नापजाँचको पुष्ट्याई वेगर बढी लागत स्विकृत गरिएको छ । यसमा सुधार गरी लागत अनुमान यथार्थपरक हुनुपर्दछ ।

३. **कार्य सम्पन्न** : कार्यालय र एक निर्माण व्यवसायी विच २०७२।३।२१ मा २०७२।३।२५ भित्र वाटो निर्माण कार्य सम्पन्न गर्ने गरी संभौता भएकोमा २०७२।८।२८ मा डिभिजन प्रमुखले २०७२।९।२४ सम्म म्याद थप गरेको देखिन्छ । म्याद थप अवधि भित्र समेत उक्त कार्य सम्पन्न हुन सकेको देखिएन ।

४. **नापी कितावमा नचढाएको :** सार्वजनिक निर्माण कार्यको नापजांच गरेपछि आएको प्रत्येक आइटमको परिमाण नापी कितावमा प्रविष्टी गर्नु पर्दछ । एक सडक निर्माण कार्यको रु.१ करोड ३ लाख ८१ हजार नापजांच गरी नापी कितावमा समावेश गरेको छैन । कार्यालयले प्रत्येक गोश्वरा भौचरमा नापजांच गरेको परिमाणलाई लुजसिटमा आइ.पी.सी.प्रविष्टी गरी गोश्वरा भौचरमा संलग्न गरेको छ । पछिल्लो भुक्तानीको नांपजांच गर्दा अघिल्लो गोश्वरा भौचर र त्यसको नापी कितावमा समावेश भएको अंक पुनः परीक्षण गर्नु पर्ने देखियो । सबै बिल परिमाण र भुक्तानी रकम एकिकृत नापी किताब अभिलेख नराख्नाले विगतको कार्य परिमाण हराउने र भुक्तानी हराउने जोखिममा रहेको छ । आयोजनागत नापी कितावमा कार्य परिमाण समावेश गरिनु पर्दछ ।

५. **त्रुटि सच्याउने अवधि :** सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार कार्य सम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था भएकोमा एक सडक निर्माण कार्यको संभौता रु.८ करोड ५५ लाख ६८ हजारको कार्यसम्पादन जमानत रु.४८ लाख ३५ हजारको जमानत मिति २०७३/११/३० सम्म हुनु पर्नेमा २०७३/१०/३० सम्म भएकोमा मिति थप गरेको पाइएन । यस प्रकारको कार्यमा सुधार गरिनु पर्दछ ।

६. **सोझै खरिद :** सडक विभागले २०६८।१०।२५ को परिपत्रमा कार्यालयले सिधै खरिदको कार्य नगर्न निर्देशन दिएको छ । यस डिभिजन कार्यालयले विभागको उक्त परिपत्रको निर्देशन विपरित भुक्तानी गर्न नमिल्ने भनी लेखा अधिकृतले दिएको राय विपरित कार्यालय प्रमुखको निर्णयले सार्वजनिक निर्माण कार्य गराएको भनी रु.१५ लाख १७ हजार अनियमित खर्च लेखेको देखिन्छ ।

७. **फाईल उपलव्ध नभएको :** एक सडकको स्लाप कल्भर्टको कामको २०७३।३।३० को अन्तिम विलको रु.७ लाख ६४ हजार एक निर्माण व्यवसायीलाई भुक्तानी भएकोमा उक्त ठेक्का पट्टाको निर्णय फाइल लेखापरीक्षणको लागि उपलव्ध भएन । त्यस्तै अर्को एक कंक्रीट पुल निर्माण गर्न रु.२५ लाख २४ हजारमा २०६७।३।३१ भित्र कार्य सम्पन्न गर्ने एक निर्माण व्यवसायीसंग भएको सम्झौताको फाइल फेला नपरेको भनि लेखापरीक्षणको लागि उपलब्ध भएन ।

एक निर्माण कार्यको अन्तरिम भुक्तानी परीक्षण गर्दा सुरु सम्झौता रु.५९ लाख ८७ हजार मूल्यको २७.७१ प्रतिशतले हुने रकम मूल्य समायोजन भएको देखिन्छ । तर मुल्य समायोजन प्रकृयाको फाइल परीक्षण गर्न नपाइएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन ।

८. **पेश्कीमा मूल्य समायोजन** : एक सडक कालो पत्रे गर्ने कामको मूल्य समायोजन रु.१२ लाख १० हजार समेत रु.१ करोड २१ लाख ३९ हजार निर्माण व्यवसायीलाई भुक्तानी भएको छ । यस पूर्व पनि मुल्य समायोजन रु.५९ लाख ९८ हजार समेत रु.६ करोड २२ लाख ८४ हजार भुक्तानी भएको छ । ठेक्का संभौताको दफा ४६.१ मा यस पूर्वको पेश्की कट्टी पछिको वांकी रकमको भुक्तानीमा मूल्य समायोजन रकम गणना गर्ने उल्लेख छ । पेश्की अंकलाइ मूल्य समायोजन गर्नु पर्ने अंकवाट घटाइ वांकी रकममा मात्र भुक्तानी दिनुपर्नेमा रु ७२ लाख ८ हजार वढी मुल्य समायोजन भुक्तानी उपर छानविन गरी असुल गर्नुपर्दछ ।

९. **नमिल्ने मूल्य समायोजन** : प्याकेज नं.११२।०६८।६९ को पुल निर्माण कार्य २४ महिना भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी र कार्यालय वीच मु.अ.कर समेत रु.३ करोड २० लाख ३५ हजारको २०६९।१।२६ मा संझौता भएको छ । उक्त कार्यको निर्माण व्यवसायीले २०७२।११।२५ मा पेश गरेको (दर्ता नभएको) निवेदन साथ संलग्न मुल्य समायोजन रु.२४ लाख १५ हजार समेत रु.७५ लाख ७७ हजारको दशौं तथा अन्तिम विल पेश गरेको छ । संझौता अनुसार २४ महिना भित्र कार्य सम्पन्न गर्नु पर्नेमा समयमा काम सम्पन्न नभएको भनी महानिर्देशकको २०७३।२।१४ को निर्णयले निर्माण व्यवसायीले मुल्य समायोजनको दावी नगर्ने शर्तमा समय थप दिने उल्लेख भएको छ । तर कार्यालयले महानिर्देशकको उक्त निर्णयको पालना नगरी यो वर्ष अनियमित भुक्तानी दिएको मुल्य समायोजनको रु.२४ लाख १५ हजार असुल गर्नु पर्दछ ।

१०. **स्वीकृत वेगर भुक्तानी** : सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११८ मा निर्माण कार्य सुरु पश्चात प्राविधिक कारणबाट थपधट वा नयां आईटम थप गर्न आवश्यक देखिएमा निकायको प्रमुखले सम्झौता रकमको दश प्रतिशत सम्म सार्वजनिक खरिद ऐनको दफा ५४ बमोजिम थप गर्न सक्ने व्यवस्था छ । तर सो व्यवस्था बमोजिम नगरी एक निर्माण कार्यको भेरिएसनको म्याद थपको स्वीकृति वेगर रु.३० लाख ७२ हजार भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

११. **शर्त पालना नगरी मूल्य समायोजन दिएको** : वोलपत्र प्रतिस्पर्धाको माध्यमवाट लाल वकैया नदीको टिककुलियामा रु.१६ करोड ८६ लाख १० हजारको लागतमा २०७४।३।२५ भित्र पुल निर्माण सम्पन्न गर्ने गरी कार्यालय र निर्माण व्यवसायी वीच २०७१।३।२४ मा संझौता भएको छ । सम्झौताको वुदा ४६ मा मूल्य समायोजन गणना गर्दा अग्रिम पेश्की कट्टा पछी वांकी रहने मूल्यको मात्र गणना गरिने व्यवस्था भएकोमा पेश्की रकम कट्टा नगरी प्रथम रनिङ्ग वील देखिको मूल्य समायोजन गरेको पाइयो । उक्त ठेक्का वन्दोवस्त साविक हेटौडा सडक डिभिजनले गरेकोमा निर्माण व्यवसायीले कति मोविलाइजेशन पेश्की लिएको थियो, सो को अभिलेख पेश नभएकोले अंक किटान गर्न सकिएन ।

११.१ आईपिसी ०७ को बिलको साराशंको आधारमा मूल्य समायोजन रु.१९ लाख ३१ हजार समेत रु.१ करोड ३५ लाख ७६ हजारको विल पेश भएको मध्ये रु.१ करोड २२ लाख ३६ हजार भुक्तानी भएकोमा सो को कर वीजक वेगर तथा निर्माण व्यवसायीको मूल्य समायोजनको रकम नापजांच नगरी माग बमोजिम भुक्तानी दिएको छ ।

१२. **प्रक्रिया पुरा नगरी भुक्तानी** : रौतहटको कटैरीया स्थित लाल वकैया नदी कटैरीयामा पुल निर्माण कार्य रु.८ करोड ५६ लाख ११ हजार (मु.अ.कर वाहेक) को लागतमा २०७१।३।३१ भित्र काम सम्पन्न गर्ने गरी २०६८।३।३१ मा कार्यालय र एक निर्माण व्यवसायी विच संझौता भएकोमा २०७१।३।२९ मा कार्य सम्पन्न भएको देखाएको छ । पुल निर्माण सम्पन्न भई रु.८ करोड ३८ लाख ३९ हजारको कार्य सम्पन्न प्रतिवेदन पेश भएकोमा प्रतिवेदनमा निर्माण व्यवसायीले प्रमाणित गरी छाप नलगाएको, नाप जांच गर्ने, चेक गर्ने पदाधिकारी र कार्यालय प्रमुखले प्रमाणित नगरेकोले, संझौता अनुसारको वास्तविक कार्य भए नभएको यकिन गर्न सकिएन । मूल्य समायोजनको संझौतामा रहेको शर्त प्रक्रिया अवलम्वन नै नगरी निर्माण व्यवसायीलाई अनियमित मूल्य समायोजन खर्च लेखेको रु ११ लाख २६ हजार असुल हुनुपर्दछ ।

१२.१ चन्द्रनिगाहापुरमा कार्यालय स्थापना भए पश्चात हेटौडावाट यस कार्यालयलाई कार्य हस्तान्तरण गर्नु पूर्व यस ठेक्काको कन्टिजेन्सीवाट खरिद भएको रु.१ लाख ७५ हजार मुल्यको थेडोलाइट सेट १, रु.१ लाख ९० हजार मुल्यको मार्कबुक-१ र रु.७२ हजार मूल्यको अटोलेभल २ सेट कार्यालयलाई हस्तान्तरण गरी जिन्सी लेखा अद्यावधिक गरेको छैन ।

१२.२ उक्त पुलको २०७१।३।३१ मा कार्य सम्पन्न गर्ने गरी २०६८।३।३१ मा कार्यालय र निर्माण व्यवसायी विच संझौता भएकोमा काम सम्पन्न देखाई मु.अ.कर समेत रु ९ करोड २८ लाख ४३ हजार भुक्तानी भएको छ ।

१३. **नापी कितावमा केरमेट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० अनुसार भुक्तानी दिन वाँकीको प्रमाणित अभिलेख खर्च पुष्टि गर्ने कार्य सम्पन्न प्रतिवेदन, ठेक्काको विल वेगर गौर वकुल- हिमालीवास-सन्तपुर-निजगढ सडक खण्डमा माटो पुर्ने, ह्यूम पाइप,कलभर्ट र ग्रेभेलको काम सम्पन्न भनी २०७२।८।१६ को विलवाट रु.५ लाख ३१ हजार अनियमित खर्च लेखेको छ । यस उपर छानविन गर्नुपर्दछ ।

नापी किताबमा पहिले प्रविष्टी गरेको काम सम्पन्न देखाएको परिमाण र भुक्तानी गरेको प्रत्येक आइटमको रकम केरमेट गरी भुक्तानी रकम तय गरेको पाइयो । शुरुमा अप्रमाणित भुक्तानी अंक रु.४७ लाख रहेकोमा उक्त अंकलाई केरमेट गरी पहिलो पटक रु.५४ लाख ४७ हजार र सो अंकलाई पनि पुनः केरमेट गरि दोश्रो पटक रु.५६ लाख १२ हजार कायम गरी भुक्तानी दिएको छ । नापी किताबमा शुरुमा प्रविष्टी गरेको कामलाई केरमेट गरी प्रमाण वेगर अनियमित खर्च जनाई रु.९ लाख ११ हजार बढी भुक्तानी सम्वन्धमा आवश्यक छानविन गरी असुल गर्नुपर्दछ ।

१४. **पेश्की वाँकी** : वर्षको अन्त्यसम्ममा ३४ निर्माण सेवाको नाममा रहेको रु.१० करोड ८७ लाख २० हजार र ५ कर्मचारीको नाममा रहेको रु.११ लाख १५ हजार समेत रु १० करोड ९८ लाख ३५ हजार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१५. **सोझै खरिद** : दुई पटक गरी कार्यालयले रु.५ लाख ५६ हजारका विभिन्न साइजका ह्यूमपाइप सोझै खरिद गरी भुक्तानी गरेको नियमित देखिएन । उक्त ह्यूमपाइप प्रयोग भएको विवरण नापी किताबमा समेत खुलाएको छैन ।

१६. **धरौटी फिर्ता** : आर्थिक कार्यविधि नियमावली,२०६४ को प्रक्रियाको पालना नगरी र आन्तरीक राजस्व कार्यालयको धरौटी समायोजनको पत्र वेगर कार्यालयले २०७२।७३ मा ५ निर्माण व्यवसायीलाई रु.३४ लाख ५९ हजार धरौटी फिर्ता दिएको छ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा भ्रमण अभिलेख नराखेको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, मूल्य नखुलेको सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ मा मर्मत अभिलेख नराखेको, घरजग्गाको लगत नराखेको, तोकिएको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको, आन्तरिक लेखापरीक्षणबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको, कन्टिजेन्सी खर्चलाई नापी किताबमा प्रविष्टि नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **अनुदान :** सरकारी अनुदान रकम समुचित तरीकाले खर्च गरी अनुगमनलाई प्रभावकारी वनाउनु पर्दछ । कार्यालयले वस्तुगत अनुदान कार्यक्रमबाट पानी तान्ने मोटर लगायतका ५ प्रकारका कृषि उपकरण खरिद गरी रु.३८ लाख ३३ हजार खर्च लेखेको छ । उक्त उपकरण जडान गरी उत्पादन प्रकृयामा उपयोग भए नभएको स्थलगत रुपमा अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

यस वर्ष रु.१८ लाख ९४ हजारको धान, मकै, गहुं, तरकारीको विउ वितरण भएकोमा सोवाट के कति उत्पादन भयो, कृषकले वुझि लगेको वीउवाट गत वर्षको तुलनामा उत्पादनमा वृद्धि भए नभएको स्थलगत प्रतिवेदन तयार गर्नुपर्दछ ।

३. **भरपाई :** बस्तुगत अनुदान तर्फ १३० थान स्प्रेयरको मूल्य रु.३ लाख ९० हजार मध्ये ५० प्रतिशत अनुदानमा रु.१ लाख ९५ हजार भुक्तानी गरी खरिद भएकोमा ५४ थानको मात्र भरपाइ पेश भएको छ । वांकी ७६ थानको रु.२ लाख २८ हजारको भर्पाइ पेश भएको पाइएन ।

४. **गुणस्तर परीक्षण :** यस वर्ष कार्यालयले ३३७.५ के.जी. धान, धान अन्य १६१३.५ के.जी., गहुँ ५३०० के.जी, मकै १३३३६ के.जी., सुर्यमूखी ५१.४ के.जी., बोडी ९६ के.जी., मुंग ७२७ के.जी., बेसार ७९२० के.जी. विउ र केरा विरुवा १८३३ वटा खरिद गरी कृषकलाई वितरण देखाएको छ । उक्त विउ र विरुवाको गुणस्तर तथा जर्मीनेशन वारे बिउ बिजन परीक्षण केन्द्रबाट परीक्षण गराई वितरण गर्नुपर्नेमा कार्यालयले सिधै वजारवाट खरिद गरेका विउ विजनको गुणस्तर र जर्मीनेशन वारे परीक्षण गराएको देखिएन । त्यस्तै कृषकले उपयोग गर्ने कृषि सामग्रीको स्पेशिफिकेशन, गुणस्तर र त्यसको उपयोगको तरीका वारे कृषि कार्यालयका प्राविधिकवाट निरीक्षण तथा अनुगमन गर्नुपर्दछ । यस वर्ष रु.१५ लाख ८२ हजारमा खरिद भएका स्प्रेयर-१३० थान, हजारी-६१ थान, पम्पसेट-२८ को स्पेशिफिकेशन निर्धारण गरेको छैन । प्राप्त सामान स्पेशिफिकेशन वमोजिम र गुणस्तरीय रहे नरहेको निरीक्षण गरेको छैन ।

५. **भकारो सुधार कार्यक्रम :** भकारो सुधार गरेको भनी ११० जनालाई रु.५ हजार २०० का दरले रु.५ लाख ७२ हजार र २०० जनालाई रु.२ हजार ३४० का दरले समेत रु.१० लाख ४० हजार भुक्तानी भएकोमा भकारो सुधार प्रकृयामा नियमितता भए नभएको सम्बन्धमा स्थलगत अनुगमन प्रतिवेदन पेश भएको छैन ।

६. **युवा लक्षित कार्यक्रम-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ (५) मा सरकारी अनुदान कार्यक्रम संचालन गर्ने निकायले संचालन गरेको योजना, कार्यक्रमको मूल्यांकन तथा लक्ष्य प्रगतिको अनुगमन गर्नु पर्ने व्यवस्था छ। यस कार्यक्रम अन्तर्गत रु.३६ लाख वजेट विनियोजन भएकोमा १२० जनालाई प्रतिव्यक्ति रु.३० हजारका दरले भुक्तानी गरेको छ । रकम प्राप्त गर्ने व्यक्तिले उक्त रकमवाट कृषि उत्पादन गरी व्यावसायीकिकरण गर्नुपर्ने कार्ययोजना सहित लागत कार्यक्रम पेश गर्नुपर्दछ । एक व्यक्तिले रु.३० हजारको योजना बनाई काम गर्न सक्ने, नसक्ने, निजको भौतिक पूर्वाधार यकिन गरी रकम दिनु पर्नेमा सो गरेको पाइएन ।

## जिल्ला पशु सेवा कार्यालय

१. **कानूनको पालना :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा भ्रमण प्रतिवेदन लिने नगरेको, भ्रमण अभिलेख नराखेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ मा मर्मत अभिलेख नराखेको, घरजग्गाको लगत नराखेको, तोकिएको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको, आन्तरिक लेखापरीक्षणबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको, कन्टिजेन्सी खर्चलाई नापी कितावमा प्रविष्टि नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **स्टाफ क्वार्टर निर्माण :** यस वर्ष स्टाफ क्वार्टर भवन निर्माण गर्न रु.४५ लाख ९९ हजार (मुल्य अभिवृद्धि कर समेत) को लागत अनुमान तयार गरी रु.२१ लाख ४४ हजार लागतमा २०७३।२।१२ मा निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग सम्झौता भएकोमा रु.१९ लाख ७१ हजार (मु.अ.कर समेत) भुक्तानी भएको छ । भवन निर्माणको जाँच गरी नापी किताबामा उल्लेख गर्ने र भएको कामको परिमाणलाई स्वीकृत कबोल अंकले गुणन गरी कुल अंक निकाली सोही आधारमा ठेक्का बील र कर वीजक रकम यकिन गरी भुक्तानी दिनुपर्नेमा नापी किताब तयार नगरी भुक्तानी गरेको छ ।

३. **बीमा :** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११२ बमोजिम निर्माण व्यवसायीले रु.१० लाखभन्दा बढीको निर्माण कार्य गर्दा बीमा गर्नुपर्दछ । एक निर्माण व्यवसायीको रु.१८ लाख ९८ हजार भुक्तानीमा निर्माण कार्यको बीमा गरेको छैन । निर्माण कार्य गर्दा हुने क्षतिको न्यूनीकरण गर्न नियमानुसार बीमा गरिनुपर्दछ ।

४. **जानकारी :** यस वर्ष भवन निर्माण गर्दा एक निर्माण सेवालाई रु.२ लाख २७ हजार मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा सोको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन ।

५. **अनुदान कार्यक्रम :** गोठ सुधार, बंगुरपालन र ९१५ के.जी. स्टाइलो घाँस खरिदमा रु.१ लाख ५१ हजार अनुदान खर्च लेखेको छ । अनुदान रकम भुक्तानी भएपछि त्यसको अनुगमन प्रतिवेदन पेश नभएकोले यसबाट लक्षित समुदायले लाभ लिन सकेका छन् भन्न सक्ने अवस्था छैन ।

## जिल्ला प्राविधिक कार्यालय

१. **बढी भुक्तानी :** उपभोक्ता समिति मार्फत काम गराउदा संभ्कौतामा जति प्रतिशतले व्यहोर्ने उल्लेख गरेको छ सोही प्रतिशतको आधारमा कार्यसम्पन्न रकममा प्रतिशत कायम गरी भुक्तानी गर्नु पर्नेमा सो विपरीत एक उपभोक्ता समूहलाई रु.६५ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

२. **खर्च प्रमाणित :** विभिन्न योजनाको निरीक्षण र सर्भे गर्न भनी कार्यालय प्रमुखको स्वीकृति वेगर एक इन्जिनीयरलाई भाडाको सवारी साधन प्रयोगको रु.१३ हजार भाडा भुक्तानी दिएको छ । उक्त कार्य नियमसम्मत देखिएन ।

३. **कम रकमको बिल :** रु.२ लाख ८१ हजारको लागत अनुमान भएको एक निर्माण कार्य गर्न उपभोक्ता समितिको रु.२१ हजारको योगदान हुने गरी २०७३।२।१२ मा संभ्कौता भएकोमा समितिले कार्यसम्पन्न प्रतिवेदनमा रु.८८ हजारको एक मात्र बिल पेश गरेको छ । कार्यालयवाट भुक्तानी भएको रु.१ लाख ९० हजार र उपभोक्ताले योगदान गर्ने रु.२१ हजार मध्ये रु.८८ हजारको मात्र बिल भएकोले रु.१ लाख २१ हजारको छानविन गरी रकम असुल हुनुपर्दछ ।

४. **लागत अनुमान :** एक शहीदपार्क निर्माण गर्न रु.३४ लाख ५६ हजारको लागत अनुमान तयार गरी एक उपभोक्ता समितिसंग २०७३।३।१५ मा कार्य सम्पन्न गर्ने गरी २०७३।१।१४ मा संभ्कौता भएको छ । यो वर्ष मास्टर प्लानिङ्ग वर्क, गार्डेनिङ, वर्क र २५ के.भी. ट्रान्सफर्मरको भुक्तानी गरेकोमा रु ६ लाख ८६ हजारको नापजांच गरी परिमाण निकाली दर विश्लेषणसंग गुणन गरी लागत अनुमान तयार गरेको देखिएन ।

४.१ स्वीकृत कार्य सम्पन्न प्रतिवेदनको रु.३१ लाख ३५ हजार मध्ये रु.२८ लाख २४ हजारमा रु.१ लाख ६५ हजार कन्टिन्जेन्सी कट्टा गरी बांकी रकम भुक्तानी गर्ने सम्झौता भएको छ । कुल लागत रकमको ९०.७२ प्रतिशत कार्यालयले व्यहोर्ने उल्लेख भएकोमा नापी किताव र कार्यसम्पन्न

प्रतिवेदनमा रु.२८ लाख ३६ हजार भएकोमा वील भरपाई जोड जम्मा गर्दा रु.२४ लाख ४० हजार भएको र गोश्वरा भौचर अनुसार रु.२५ लाख ३५ हजार भएकोले रु.९५ हजार वढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ ।

५. **नापी किताव** : यो वर्ष रु.३ करोड ४५ लाख ३ हजारको ४३ आयोजना निर्माण कार्य सम्पन्न गर्दा नापी किताव प्रयोग नगरी लुज सिटमा प्रत्येक रनिङ विलमा समावेश गरी गोश्वरा भौचरमा संलग्न गरी राखेको पाइयो । नापी कितावमा सुरुदेखि कै आइटमको परिमाण उल्लेख गरी सम्झौताको दररेट खुलाइ प्रविष्टी गर्नु पर्नेमा लुजसिटमा राखेको उचित भएन । सवै योजनाको नापी किताव तयार गरी राख्नु पर्दछ ।

६. **मूल्य अभिवृद्धि कर** : कार्यालयले रु.३ करोड ४५ लाख ३ हजारको विभिन्न योजना निर्माण कार्य साझेदारीमा गर्न उपभोक्ता समितिसंगसंझौता गरी सम्पन्न गरेको छ । निर्माणका लागि लागत अनुमान तयार गर्दा मु.अ.कर समेत समावेश गरिएको छ । लागत अनुमान वमोजिम निर्माण कार्य गर्दा खरिद भएका सामग्रीको मूल्य कार्यालयले व्यहोरेकोमा त्यसको भुक्तानी गर्दा मु.अ.कर समावेश भएको जानकारी आन्तरिक राजस्व कार्यालयलाइ दिएको छ । तर उपभोक्ता समितिले आफै खरिद गरेको सामग्रीको मू.अ.कर रकम भुक्तानी गरेको जानकारी गराएको छैन ।

७. **अन्य सेवा शुल्क** : कार्यालयले अन्य सेवा शुल्कवाट कार्यालय सहयोगीको डोर हाजिर फारामको आधारमा रु.९७ हजार खर्च लेखेको पाइयो । आयोजना अथवा साइडको सुपरभिजन वा अन्य कार्यको खर्चको व्यहोरा नखोली लेखेको खर्च नियमित देखिएन ।

८. **अभिलेख बेगर खर्च** : ३ वटा दररेट संलग्न गरी सिट कभर, डोर भाइजर, मेटल पलिस र वाक्स समेत ११ प्रकारका सामान खरिद विलको रु.७२ हजार एक प्रा.लि.लाई भुक्तानी गरेको छ । उक्त सामान प्रयोगको अभिलेख नरहेकोले उक्त खर्च अनियमित देखिएको छ ।

९. **सर्भे खर्च** : जग्गा खरिद शीर्षकवाट रु.६ लाख ६७ हजार क्याडास्ट्रल सर्भेको खर्च लेखी एक प्रा.लि.लाई रु.१ लाख ६० हजार, एक सर्भे र इक्यूपमेन्टको अर्को प्रा.लि.लाई रु.२ लाख ९१ हजार र तेश्रो एक प्रा.लि.लाई रु.२ लाख १६ हजार भुक्तानी दिएको छ । राजपुर फरदहा-मठिया सम्म ११ कि.मि, वन्जरहा औरैया- लाल वगैया वांधसम्म १५ कि.मि.र औरैया-लक्ष्मिनिया-रामपुरखाप-वंकुल हिमालीवाससम्म ३० कि.मि.सडक विस्तारमा दायाँ वायाँ पर्ने सडक किनाराका जग्गाको लगत तयार गर्ने कार्य गरेको भनीरु.६ लाख ६७ हजार खर्च लेखेको छ । सडकमा परेको जग्गाको कित्ता काट गरी सोको स्वामित्व नेपाल सरकारको नाममा प्राप्त गरेको नदेखिंदा खर्चको औचित्य पुष्टि वेगर अनियमित खर्च गरेको देखिन्छ ।

१०. **अनियमित खर्च** : एक निर्माण सेवालाई सडक ग्राभेल कार्यको मु.अ.कर समेत रु.१ लाख ११ हजार भुक्तानी भएको छ । उक्त रकम त्यस पूर्व नै भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको रु १ लाख ११ हजार असुल हुनुपर्दछ । उक्त निर्माण व्यवसायीलाई २०७२/४/४ को अन्य विल को मु.अ.कर समेत रु.६ लाख ३१ हजार भुक्तानी दिएको मध्ये रु.१ लाख ४१ हजार ढुवानी खर्चमा १० प्रतिशतले लाग्ने वहाल कर रु.५ हजार ६३७ असुल गर्नुपर्दछ ।

## जिल्ला विकास समिति

१. **आन्तरिक लेखापरीक्षण** : आन्तरिक लेखापरीक्षण शाखावाट आय-व्यय र धरौटी स्रेस्ताको मासिक रुपमा लेखापरीक्षण गर्नु पर्ने व्यवस्था रहेकोमा चौमासिक रुपमा लेखापरीक्षण गरी वार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो । गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिले आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र गर्नु पर्ने व्यवस्था भएता पनि २०७३।११।६

सम्म कुनै पनि गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण भएको छैन । नियमावली बमोजिम अन्तर्गतका विषयगत शाखालाई उपलब्ध गराएको निकासा रकमको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिमा रहेको आन्तरीक लेखापरीक्षण शाखाले गर्ने व्यवस्था भए पनि जिल्ला शिक्षा कार्यालयलाई प्राथमिक विद्यालय अनुदान निकासा गएको रु.४० करोड २७ लाख २० हजारको यो वर्ष आन्तरिक लेखापरीक्षण गरेको पाइएन ।

२. **आन्तरिक नियन्त्रण** : कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, स्वीकृत ढाँचामा जिन्सी अभिलेख नराखेको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा औंल्याएको व्यहोरा उपर कार्यालयले कारवाही नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने आवश्यक कुरा खुलाई प्रतिवेदन नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, इन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ को मर्मत अभिलेख नराखेको, भ्रमण प्रतिवेदन लिइ भ्रमण खर्चको अभिलेख नराखेको, घर जग्गाको अभिलेख नराखेको, आन्तरिक लेखापरीक्षणबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको, नापी किताव नियन्त्रण खाता नराखेको, नापी कितावमा कन्टिजेन्सी खर्चको रकम प्रविष्टि नगरेको, उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी तोकी उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण नगरेको, तोकिएको ढांचामा लक्ष प्रगति विवरण तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

३. **बोलपत्रको विवरण** : वोलपत्र विक्री विवरण अनुसार १६ निर्माण ठेक्काको लागि ७०१ वोलपत्र विक्री भएकोमा १५८ (२२.५३ प्रतिशत) मात्र दाखिला भएको छ । उल्लिखित कम वोलपत्र दाखिला र कम प्रतिशत मात्र न्यून अंकमा स्वीकृत गरेवाट पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भन्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयवाट सोझै खरिदको रु.५ लाखको सीमा भित्र विभिन्न फर्मवाट निर्माण कार्य गराएको देखिएकोमा सो को विवरण माग गर्दा पेश भएको छैन । अतः वढी भन्दा वढी प्रतिस्पर्धा गराइ कामको गुणस्तरमा समेत कमी नआउने गरी छनौट प्रक्रिया अपनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु उपयुक्त देखिन्छ । त्यसै गरी आय ठेक्कामा २५० बोलपत्र विक्री भएकोमा ६८ दाखिला भएको छ । विक्रीको अनुपातमा दाखिला २७.२ प्रतिशत देखिएको छ । आगामी दिनमा आय ठेक्कालाई अधिकतम प्रतिस्पर्धात्मक बनाउनु पर्दछ ।

४. **कम लागतका योजना** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि अनुसार जिल्ला विकास समितिले रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नहुनेमा विभिन्न शीर्षकवाट रु.५ लाखभन्दा घटीका योजना संचालन गरेको देखिएकोमा उक्त विवरण कार्यालयसंग माग गरेकोमा पेश हुन सकेन । उपभोक्ताको लगत अद्यावधिक नगरेका कारण कार्यालयले उक्त योजना विवरण पेश गर्न सकेको देखिएन । अतः उपभोक्ताको अद्यावधिक विवरण राख्नुपर्ने देखिन्छ ।

५. **योजना छनौट** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार समितिले एकिकृत योजना तर्जुमा समितिवाट प्राथमिकीकरण भई आएका कार्यक्रम वा आयोजनाहरु समावेशी र सहभागिता मूलक पद्धतिवाट वार्षिक कार्यक्रम र वजेट तर्जुमा गरी परिषदवाट फागुण मसान्त भित्र स्वीकृत गराउनु पर्ने र परिषद्वाट कार्यक्रम र वजेट स्वीकृत भइसकेपछि संशोधन गर्न नपाइनेमा समितिको एकल बोर्डको निर्णयवाट योजना बाडफांड गरेको छ । केही योजना तथा कार्यक्रमको नामनामेसी वेगर कोषवाट रकम विनियोजन गरेको समेत देखियो ।

६. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ बमोजिम तोकिएको आन्तरिक आयको कुल रकमको वार्षिक अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । समितिले आन्तरिक आयवाट उठाएको रु.२ करोड ४ लाख ७४ हजारको २५ प्रतिशतले रु.५१ लाख १८ हजारमात्र खर्च गर्नुपर्नेमा रु.१ करोड ४ लाख ६६ हजार खर्च गरेकोले नियममा तोकिएको सीमा भन्दा रु.५३ लाख ४७ हजार वढी खर्च गरेको छ । नियममा तोकेभन्दा वढी खर्च गरेको नियमसम्मत देखिदैन । यसमा सुधार गरिनुपर्दछ ।

७. **कन्टिजेन्सी** : यस वर्ष कन्टिजेन्सीवाट भएको खर्चको एकमुष्ट विवरण उपलव्ध भएन । लेखापरीक्षण गर्दा भ्रमण भत्ता, कार्यालय सामान, कार्यालय अन्य सामान, इन्धन जस्ता चालु खर्च र मोटरसाइकल, उपकरण समेतका पूँजिगत प्रकृतिका खर्चहरु कन्टिजेन्सी रकमवाट भुक्तानी दिएको पाइयो । यस प्रकारका खर्चहरुलाइ विनियोजन वजेटमा समावेश गरी खर्च गरिनु उपयुक्त देखिन्छ । साथै कन्टिजेन्सी खर्च सम्वन्धमा एक रुपता हुने नीति तय गरी कानूनमा व्यवस्था हुनुपर्दछ ।

८. **बक्यौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०५६को नियम १७२(१) अनुसार स्थानीय निकायले बक्यौता रकम असुल गर्न बक्यौता असुली कार्य योजना बनाइ असुल उपर गर्नुपर्ने व्यवस्था भए पनि सो अनुसार गरेको पाइएन । प्राप्त विवरणवाट २०७१।७२ सम्म विभिन्न व्यक्ति तथा फर्मवाट रु.१ करोड ९० लाख ९१ हजार असुल उपर गर्न वांकी रहेको छ । यस वर्ष लागेका आय ठेक्कामा पुनः रु.२९ लाख ४५ हजार बक्यौता थप भई जम्मा रु.२ करोड २० लाख ३६ हजार असुल गर्न वांकी देखिएको छ । बक्यौता असुलीको कार्य योजना वनाई असुली कार्य गरिनुपर्दछ ।

९. **परिमाण नियन्त्रण** : ढुंगा गिट्टी वालुवाको न्यूनतम अंक निर्धारण गर्दा प्रारम्भिक वातावरणीय मूल्यांकन मा उल्लिखित परिमाण भन्दा वढी निकाल्न नपाउने गरी नियन्त्रणको व्यवस्था गर्नुपर्नेमा यो वर्ष आय ठेक्का लगायतका नदीजन्य पदार्थ ढुंगा गिट्टी वालुवा, ग्राभेल निकासीका ठेक्कामा स्वीकृत अंक, आय ठेक्का सम्वन्धी सूचना तथा संझौता र चलान पूर्जीमा उत्खनन् गर्ने परिमाण उल्लेख नगरी ठेक्का व्यवस्था भएको छ । परिमाण नियन्त्रणको लागि अनुगमन तथा अन्य कुनै नियन्त्रणात्मक विधि अपनाएको छैन ।

१०. **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार कर लाग्ने वस्तु वा सेवाको आपूर्ति वा उपलव्ध गराउँदा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिले विभिन्न ठेक्का लगाउँदा कबोल अंकमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल गर्ने गरी सझौता गरेको छ । ठेक्का संझौताको दफा २ मा सम्पूर्ण रकम दाखिला गरेकोमा १० प्रतिशत छुट दिने व्यवस्था गरी ठेक अंक असुल गरेको छ । संझौतामा मुल्य अभिवृद्धि कर वुझाउनु पर्ने व्यवस्था गरेको छ । कार्यालयको आय रकम तत्काल असुल गर्ने तर सञ्चित कोषमा दाखिला गर्नु पर्ने रकम प्रति उदासीन रहेको कारणले सञ्चित कोषमा जम्मा हुने मुल्य अभिवृद्धि कर रु.१७ लाख ६४ हजार हालसम्म असुल तथा दाखिला भएको छैन ।

११. **बिल पेश** : एक उपभोक्ता समिति र कार्यालय वीच रु.२ लाख ६० हजारको लागतमा २०७३।२।३२ मा निर्माण शुरु गरी २०७३।२।३० मा निर्माण कार्यसम्पन्न गर्ने संझौता बमोजिम रु.१ लाख ९४ हजार उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदनमा २०७३।३।१९ मा कार्य सम्पन्न भई नापजांच गरेको देखाएको छ ।

एक ट्रेडर्सको विल अनुसार ५०० के.जी फलामे डण्डी र ५० वोरा सिमेन्ट खरिदको मु.अ.कर समेतको रु.७६ हजार र अर्को विल अनुसार सिमेन्ट २० वोराको मु.अ.कर समेत रु.२२ हजार भुक्तानी दिएको पाइयो । कार्यसम्पन्न पछि सामान खरिदको विल पेश भएकोले वास्तविक

काम सम्पन्न भएको हो होइन यकिन गर्न सकिएन । यसप्रकारको अनियमित खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

१२. **प्रमाणित अभिलेख** : जिल्ला विकास समितिको कार्यालय रौतहटले म.ले.प.फाराम नं.१८ को प्रमाणित अभिलेख वेगर एक सामुदायिक अध्ययन केन्द्रलाई दिएको भुक्तानी रु.१ लाख ५० हजार गत वर्षको रहेको पाइयो । अनुदान रकमको दायित्व आगामी वर्षलाई सारी भुक्तानी दिन मिल्ने देखिएन ।

१३. **कर दाखिला** : आइ.सी.एस.कार्यक्रम अन्तर्गत छुट पारिश्रमिक भनी भुक्तानी दिएको रकममा आयकर ऐन,२०५८ को दफा ८८ वमोजिम पारीश्रमिक कर रु.१ हजार ८ सय असुल हुनु पर्दछ । त्यसैगरी कार्यालयले यो वर्ष खुल्ला दिसा मुक्त हुने गा.वि.स.मा सक्रिय सहयोग र सराहनीय काय गरेवापत रु.१८ हजार र गा.वि.स.सचिव प्रोत्साहन रु.१० हजार समेत रु.२८ हजार खर्च लेखेकोमा सो मा लाग्ने कर रु.७ हजार कट्टा गरेको नदेखिएकोले असुल गर्नु पर्दछ ।

१४. **अन्य कार्यक्रम खर्च** : कार्यालय र एक संस्था विच २०७३।२।१२ मा भएको संझौता बमोजिम एक कृषक समूहलाई सीपमूलक तालिमकालागि रु.३ लाख अनुदान दिएकोमा रु.१३ हजार फिर्ता गरी सहभागीको उपस्थिति, कार्यक्रमको निर्णय र अन्य आवश्यक प्रमाण समेत नराखी रु.२ लाख ८७ हजार अनियमित खर्च लेखेको देखिन्छ । साथै आयकर ऐन,२०५८ को दफा ८८ अनुसार वहाल कर र अन्य अग्रिम कर रु.११ हजार कट्टी गरेको नदेखिदा असुल गरी राजश्व दाखिला गर्नु पर्दछ ।

१५. **पेश्की :** जिल्ला विकास कोष तर्फ एक कर्मचारी तथा ३ संस्थालाई दिएको रु.७ लाख ५० हजार, कर्मचारी कल्याण कोष तर्फ ३ कर्मचारीलाई दिएको रु.५ लाख १८ हजार, रोयल्टी व्यस्थापन तर्फ ९ गा.वि.स.लाई दिएको रु.४२ लाख ६१ हजार, स्थानीय शान्ति समिति कार्यक्रम अन्तर्गत २६ गा.वि.स.लाई दिएको रु.५ लाख ६७ हजार, निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ ३ उपभोक्ता समितिलाई दिएको रु.१५ लाख १५ हजार, स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम तर्फ एक निर्माण व्यवसायीको रु.१७ लाख, झोलुङ्गे पुल क्षेत्रगत तर्फ ३ उपभोक्ता समितिलाई दिएको रु.२८ लाख ८७ हजार, लघु उद्यम विकास कोषलाई गएको रु.२ लाख र बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ २ कार्यालयहरुलाई दिएको रु.१२ लाख ६३ हजार पेश्की वाँकी रहेकोले नियम बमोजिम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु पर्दछ ।

१६. **मालपोत असुली :** समितिले यो वर्ष जिल्लाका ८४ गा.वि.स.को मालपोत रु.२ लाख ३१ हजार आन्तरीक आयमा समावेश गरेको छ । स्थानीय निकाय आर्थिक प्रसाशन नियमावली, २०६४ अनुसार गाउँ विकास क्षेत्र भित्रको जग्गामा लिइने मालपोत मध्ये २५ प्रतिशतले हुने रकम जिल्ला विकास समितिले पाउने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिले असुल गरेको मालपोत रु २ लाख ३१ हजार मध्ये रु.५८ हजार समितिले आम्दानी जनाई वांकी रु.१ लाख ७३ हजार सम्वन्धित गा.वि.स.लाई फिर्ता गरी हिसाव मिलान गर्नु पर्नेमा सो गरेको छैन । २०७३ आषाढ महिनाको प्राप्त वित्तिय प्रतिवेदन अनुसार विभिन्न गा.वि.स.ले असुल गरेको मालपोत रकममध्ये रु.३ लाख ४५ हजार कार्यालयले आम्दानी गरी आन्तरिक आय देखाएको छ । कुन गा वि.स.वाट कति रकम जि.वि.स.ले प्राप्त गर्नुपर्ने हो सोको अभिलेख पेश भएन ।

१७. **धरौटी :** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६६(२) मा प्रचलित कानूनले तोकेको म्याद भित्र वा जुन कामको लागि धरौटी राखेको हो सो काम समाप्त भएको १ वर्षभित्र धरौटी रकम फिर्ता गर्नु पर्ने व्यवस्था छ । नियम १७६ मा धरौटी जफत र नियम १७७ मा धरौटी फिर्ता गर्ने व्यवस्था भएकोमा पालना भएको पाइएन । धरौटी रकम फिर्ता दिंदा उक्त कारोवारको मु.अ.कर

समायोजन पत्र पेश गरे पश्चात खर्च लेख्नु पर्नेमा मू.अ.कर रु.८ लाख ६० हजार समायोजन गरेको पत्र वेगर नै फिर्ता भएको छ ।

१८. **अनुगमन** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सामाजिक सुरक्षा भत्ता लिने व्यक्तिको नामावली अद्यावधिक गर्ने, अनुगमन संयन्त्र निर्माण गर्ने लगायतका व्यवस्था गरेको छ । यस वर्ष लेखापरीक्षण गरिएका ४ गा.वि.स.को लगत परीक्षण गर्दा गा.वि.स.सचिवले पठाएको विवरणलाई भत्ता भुक्तानीको आधार मानेको छ । नामावलीको अद्यावधिक विवरण तयार गरेको छैन । घटेका र नयाँ दर्ता व्यक्ति यकिन हुन सकेन । अतः निरीक्षण अनुगमन गरी नामावली अद्यावधिक गर्नुपर्दछ ।

१९. **नागरिकता नखुलेको** : एक गा.वि.स.को जेष्ठ नागरिकको भत्ता वितरणको परीक्षण गर्दा भरपाईको नामावली लिष्टमा १७ व्यक्तिको नागरिकता नम्वर खुलेको पाइएन । अतः नागरिकता नम्वर भिडान गरी भत्ता वितरणको व्यवस्था मिलाउनु पर्दछ ।

२०. **समयमा वितरण नभएको** : सामाजिक सुरक्षा संचालन कार्यविधि, २०६९ को १३(२) मा प्रत्येक चौमासिकमा वडा दशैं पर्व अगावै आश्विन १ गते, दोश्रो चौमासिकमा सहिद सप्ताहको समयमा माघ १२ गते र नेपाल गणतन्त्र घोषणा भएको जेष्ठ १५ गते तेश्रो चौमासिक भत्ता वितरण गर्नु पर्ने व्यवस्था छ । यो वर्ष ११ गा.वि.स.मा वृद्ध भत्तामा रु.७ करोड ९५ लाख ८ हजार पेश्की खर्च लेखेको छ । पहिलो चौमासिकमा तराइमा भएको असहज परिस्थितिका कारणवाट २०७३ वैशाखवाट मात्र भत्ता वितरण भएकोले यसवर्ष सवैलाई समयमै भत्ता वितरण हुन सकेको पाइएन ।

२१. **सुनौला हजार दिन आयोजना** : आयोजना संचालन गर्न आयोजना कार्यान्वयन कार्यविधि, २०७० वनाई आर्थिक वर्ष २०७१।७२ देखि रौतहट समेत १४ जिल्लालाई ३ समूह बनाई कार्यक्रम संचालन गरिएको छ । यो वर्ष रु.१० करोड ५७ लाख ९२ हजार वजेट खर्च भएकोमा रु.८ करोड ८८ लाख ९ हजार (८३.९४%) पेश्की वांकी देखिन्छ । समूहलाइ पोषण केन्द्रित कार्यक्रममा कुपोषण न्यूनीकरण गर्न कार्यक्रम संचालन गर्ने रकम निकासा दिएकोमा कार्यक्रम संचालन नभई पेश्की वांकी देखिनुले सम्वन्धित लाभग्राही वा लक्षित समूहले समयमा सेवा प्राप्त गर्न सकेको पाइएन । ४ गा.वि.स.लाई दिएको रु.१ करोड २९ लाख ३५ हजार पेश्की वाँकी देखिएकोले स्थानिय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १८२ को पालना गरी समयमा नै पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

२२. **भर्पाइ वेगर भुक्तानी** : उपभोक्ता समितिलाई एक चौतारा निर्माणको कामको रु.१ लाख ९४ हजार भुक्तानी दिएकोमा पछिल्लो आर्थिक वर्ष २०७३।३।२४ को मुल्यांकन प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ । डोर हाजिर फाराम अनुसार रु.२४ हजार भुक्तानी देखाइ खर्च समावेश गरेकोमा सम्वन्धितले वुझेको भरपाई संलग्न छैन ।

२३. **बढी भुक्तानी** : अर्थ मन्त्रालायको कार्य संचालन निर्देशिका, २०७२ मा भएको व्यवस्था विपरीत बढी दरले एक कार्यशाला गोष्ठीमा दुई कार्यक्रको रु.५२ हजार, एक तालिम कार्यक्रममा सहयोगीलाई रु.४३ हजार र जनचेतनामूलक कार्यक्रमका सहभागीको खाजा खर्चमा रु.१७ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

२४. **एक्जाभेटरको प्रयोग** : निर्वाचन क्षेत्र कार्यक्रम तर्फ स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १५५(५) मा सामान्य श्रमप्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने व्यवस्था भएकोमा उपभोक्तासंग संझौता गरी

निर्माण कार्य गरेका ५ कार्यक्रममा एक्जाभेटर प्रयोग भएको छ । सडक निर्माण, मर्मत तथा विस्तार गर्न लागत अनुमान तयार गर्दा एक्जाभेटर प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छ । निर्माण, मर्मत तथा विस्तार सम्वन्धी कार्यक्रममा प्राविधिकले ड्इङ डिजाइन तयार गरी संझौता फाइलमा समावेश गरेको छैन । निर्माण सम्पन्न भएपछि विकास निर्माणका भौतिक संरचनाहरुको मर्मत संभार र दिगो व्यवस्थापन गर्न उपभोक्ता समितिलाई हस्तान्तरण भएको छैन ।

२५. **नापी किताव** : निर्माण र मर्मत कार्य गर्दा प्राविधिकले नाप जांच गरी प्राप्त भएको परिमाणलाई नापी किताबमा प्रविष्टी गर्नु पर्ने र सो नापी किताबमा उपभोक्ता समितिका पदाधिकारीले सहीछाप गर्ने, प्राविधिक कर्मचारी र कार्यालय प्रमुखले प्रमाणित गरी राख्नु पर्दछ । यस वर्ष निर्माण भएका १३ कार्यक्रममा प्राविधिकले नापी किताब लुजसिटमा तयार गरी गोश्वरा भौचरमा संलग्न गरी राखेको छ । नापी किताव राख्नुपर्ने व्यवस्था विपरित लुजसिटमा राख्नु मनासिव देखिएन । कन्टिजेन्सीवाट भएको उपकरण र सवारी साधन खरिदको पूंजीगत खर्च र दैनिक भ्रमण भत्ता, कार्यालय सामान, इन्धन आदिको चालु खर्च समेतलाई सम्वन्धित आयोजनाको नापी किताबमा समावेश गरी आयोजना लागत कायम गर्नु पर्नेमा सो खर्चलाई आयोजना लागतमा समावेश गरेको नपाइएकोले यसमा सुधार गरिनुपर्दछ ।

२६. **मुल्य अभिवृद्धि कर** : १३ निर्माण कार्यको मु.अ.कर रु.४ लाख १३ हजार भुक्तानी दिएकोमा सो को जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन ।

२७. **बिल** : निर्वाचन क्षेत्रका कार्यक्रमबाट एक मन्दिर निर्माण गर्न रु.२ लाख ४५ हजारको लागत अनुमान तयार गरी रु.२ लाख ४२ हजारको निर्माण कार्य सम्पन्न गरी पेश भएको बिल भरपाई, ज्यामी ज्यालाको डोर हाजिरीको जोडजम्मा रु.२ लाख १५ हजार मात्र भएकोले रु.२७ हजार असुल हुनुपर्दछ ।

२८. **बढी प्रतिशत** : निर्वाचन क्षेत्र विकास कार्यक्रम निर्देशिका, २०५८ मा उपभोक्ता समूह र जिल्ला विकास समितिको ८० र २० प्रतिशतको साझेदारीमा निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था छ । ९ निर्माण कार्यक्रमको कुल लागत अनुमानको ८० प्रतिशतभन्दा बढी कार्यालयले व्यहार्ने गरी लागत अनुमान तयार गरी कार्यसम्पन्न गरेको छ ।

**२९. कार्यक्रम संशोधन** : सीमाक्षेत्र विकास कार्यक्रममा रु.९६ लाख ७४ हजार वजेट विनियोजन भएकोमा रु.८० लाख ७६ हजार खर्च भएको छ । प्राप्त अख्तियारी तथा कार्यक्रममा नपरेको थप ५ गा.वि.स.मा पनि कार्यक्रमको उद्देश्य प्राप्तीको लागि भनी रु.४० लाख ९७ हजार खर्च लेखेको छ । कार्यक्रम संशोधन र स्वीकृति वेगर अनियमित खर्च लेखेको देखिन्छ ।

एक गा.वि.स.को दुई वडा विचको सडक ढलान गर्न उपभोक्ता समितिसंग संझौता भएको र उपभोक्ता समितिले पेश गरेको विवरण अनुसार सो आयोजना २०७३।३।१९ मा सम्पन्न हुने उल्लेख गरी लागत रु.५ लाख ४९ हजारमा २०७३।३।२२ मा काम शुरु गरेको देखाएको छ । २०७३।३।१८ को कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ताको योगदान रु.५ लाख देखिएको छ । उक्त कारोवारको फांटवारीमा एक ट्रेडको बिलको रु.२ लाख ३९ हजारमा ३३० वोरा सिमेन्ट खरिद गरेको देखिन्छ । यसवाट कार्यसम्पन्नभन्दा पछि सिमेन्ट खरिद गरेको देखिन्छ । सामान प्राप्त नै नभई काम सम्पन्न देखाएकोले उक्त खर्चको वास्तविकता यकीन गर्नुपर्दछ ।

३०. **हस्तान्तरण** : स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम तर्फ रु.१ करोड ७० लाख वजेट स्वीकृत भएको मध्ये वर्षान्तसम्ममा रु.१ करोड ४५ लाख १२ हजार खर्च लेखेको छ । एक सडक

पिसिसि ढलानको कामको रु.२३ लाख ७७ हजारको लागत मध्ये कार्यालयले रु.२१ लाख ३४ हजार व्यहोर्ने गरी उपभोक्ता समितिसंग २०७३।३।२० मा कार्यसम्पन्न गर्ने गरी २०७३।२।३१ मा संझौता भएकोमा उपभोक्ता समितिले बिल भर्पाइ पेश नगरी रु.२३ लाख ७७ हजारको कार्यसम्पन्न भएको भनि २०७३।३।१० मा प्रतिवेदन पेश भएको छ। निर्मित भौतिक संरचनाको मर्मत संभार र दिगो उपयोगको लागि सम्वन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पनि देखिएन।

पेश भएको विल भरपाई अनुसार वालुवा ढुवानीमा रु.९ लाख १ हजार र सामान खरिदमा रु.१० लाख २८ हजार खर्च लेखेकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १० प्रतिशतले लाग्ने वहाल कर रु.२३ हजार कट्टी नगरेकाले असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

३१. **बढी भुक्तानी** : स्थानीय स्तरका सडक पुल निर्माणको एक व्यवसायीलाई रु.३ करोड ६३ लाख ६५ हजार भुक्तानी हुनुपर्नेमा रु.३ करोड ६४ लाख ३० हजार भुक्तानी भएकोले वढी भुक्तानी दिएको रु.६५ हजार असुल गर्नुपर्दछ।

३२. **झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम** : कार्यक्रमको लागि विनियोजित रु.९४ लाख ३ हजार मध्ये वर्षान्तसम्ममा रु.८६ लाख ८ हजार खर्च भएको छ। कार्यालयले यो वर्ष झोलुङगे पुल कार्यक्रममा नयां ७ र क्रमागत १ समेत ८ आयोजना संचालन गरेको छ।

३२.१ एक झोलुङ्गे पुलको निर्माण कार्य रु.३९ लाख ३२ हजारको लागतमा २०७१।३।२५ भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समिति र कार्यालय बीच २०७०।९।२१ मा संझौता भएकोमा २०७३।२।४ सम्मको लागि म्याद थप गरेको छ। संझौता वमोजिम स्टील पार्ट्स वाहेकको रु.१६ लाख ९४ हजार कार्यालयले व्यहोर्ने, रु.७९ हजार उपभोक्ता समितिले र रु.७९ हजार गा.वि.स.ले व्यहोर्ने गरी २०७०।१२।६ मा कार्यादेश जारी भएको थियो। उपभोक्ता समितिको अध्यक्षले २०७२।३।२४ मा दिएको निवेदन अनुसार २०७२।३।२५को निर्णयले सो दिन सम्म म्याद थप भएकोमा यो वर्ष रु.३ लाख ७४ हजार भुक्तानी गरी कार्य सम्पन्न देखाएको छ।

३२.२ तेश्रो तथा अन्तिम विल सम्मको भुक्तानी परीक्षण गर्दा आर्थिक वर्ष २०७२।७३ को जिल्ला दररेट अनुसार पि.सि.सि. सिमेन्ट प्रति वोरा रु.६७०।- मूल्य कायम रहेकोमा रु.७११।९० ले ४६८ वोराको रु.२० हजार बढी खर्च लेखेको छ। प्रशोधित गिट्टीको २०७२।७३ को जिल्ला दररेट प्रति घनमिटर रु.२ हजार रहेकोमा रु.४ हजार दरले ७५.९४ घनमिटरको रु.१ लाख २५ हजार वढी भुक्तानी दिएको रकम समेत रु १ लाख ४४ हजार असुल गर्नुपर्दछ।

३३. **बढी खर्च** : जिल्ला विकास समिति अनुदान अन्तर्गत एक संस्था मार्फत जन्मदर्ता अभियान तालिममा वढी खर्च लेखेको रु ३ हजार असुल हुनु पर्दछ। त्यस्तै अन्य कार्यालयले खर्च गरेको इन्धनको एक आयल स्टोर्सलाई रु.५७ हजार र अर्को एक कार्यालयको खर्च रु.४९ हजार अनियमित देखिन्छ।

## जिल्ला शिक्षा कार्यालय

१. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५, अनुसार अनुसूची-२ को ढाँचामा स्वीकृत कार्यक्रममा तोकिएको काम तोकिए अनुसार सम्पादन गरी आर्थिक वर्षको भौतिक प्रगति र खर्चका साथै कार्यक्रम एवं कृयाकलापको प्रगति खुलाई प्रतिवेदन तयार गर्नु पर्दछ। कार्यालयले यो बर्षको बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाएको नपाइएकोले बार्षिक कार्यक्रम अनुसार प्रगति हासिल भए नभएको सम्बन्धमा अध्ययन विश्लेषण गरी प्रतिवेदन गर्न सकिएन। तोकिए अनुसार प्रगति प्रतिवेदन तयार गरी सम्बन्धीत निकायमा पेश गर्ने व्यवस्था गर्नु पर्दछ।

२. **आन्तरिक नियन्त्रण :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ मा मर्मत अभिलेख नराखेको, भ्रमण अभिलेख नराखेको, घरजग्गाको लगत नराखेको, तोकिएको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको, आन्तरिक लेखापरीक्षणबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको, कन्टिजेन्सी खर्चलाई नापी कितावमा प्रविष्टि नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

३. **प्रमाण पेश नभएको** : एक उच्च माध्यामिक विद्यालयको खातामा रु.८ लाख ७४ हजार निकासा भएकोमा लेखापरीक्षणकोलागि कागज प्रमाण पेश भएन ।

४. **पेश्की** : कार्यक्रम संचालनकोलागी सहायक जिल्ला शिक्षा अधिकारीले लिएको रु.२० हजार र एक शाखा अधिकृतको रु.१ लाख ८६ हजार पेश्की वर्षान्तसम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेकोले आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ (२) अनुसार समयमै फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।

**५. पुष्टयाइँ बेगर खर्च** : अन्य भत्ता (२१११९) बाट रु.१० हजार खर्च लेखिएकोमा खर्च पुष्टी हुने प्रमाण नरहेकोले उक्त रकम असुल गर्नु पर्दछ ।

६. **पेश्की माथि पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा सरकारी वा कुनै अन्य व्यक्तिले सरकारी काम काजको निम्ति पेश्की लिनु पर्दा काम र रकमको विवरण पेश गर्ने, कार्यालय प्रमुखले सम्बन्धित कामकोलागि आवश्यक पर्ने रकम भन्दा बढी नहुने गरी पेश्की दिने र नियमले तोकेको समय भित्र पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था भए पनि एक कर्मचारीलाई २०७२।१२।१४ मा एस.एल.सी परीक्षा पूर्व तयारीको लागि रु.१ लाख ९६ हजार पेश्की दिइएकोमा २०७३।२।६ मा पहिले लिएको पेश्की फछ्र्यौट नगरी निजलाई थप रु.१ लाख ८१ हजार पेश्की उपलब्ध गराएको देखियो । यस प्रकारका अनियमित कारोवारलाई नियन्त्रण गर्नु पर्दछ ।

७. **निकासा अभिलेख खाता** : जिल्लामा संचालित ३६६ प्राथमिक विद्यालयमा कार्यरत १०५१ शिक्षकहरुको तलब र भत्ता समेतमा रु.४० करोड २७ लाख २० हजार सम्बन्धित विद्यालयको बैंक खाता जम्मा भएकोमा विद्यालयगत निकासा अभिलेख खाता राखेको पाइएन । एक प्राथमिक शिक्षक २०७१।०९।०७ मा अवकाश भए तापनि २०७२।०४।०१ देखि २०७३।०३।३० सम्मको रु.२ लाख २६ हजार बढी निकासा भएको रकम असुल गर्नु पर्दछ ।

**८. आन्तरीक लेखापरीक्षण :** २०७२।७३ मा जिल्लामा संचालित प्राथमिक विद्यालय अन्तर्गत रु.४० करोड २७ लाख २० हजार जिल्ला विकास समितिको कार्यालयवाट निकासा भएकोमा उक्त रकमको स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ख) बमोजिम आन्तरीक लेखापरीक्षण गराएको छैन ।

९. **छुट निकासा** : तीनै चौमासिक निकासा दिएपछि पनि एक उच्च मा.वि. लाई रु.२२ लाख ४२ हजार र अर्को एक मा.वि. लाई रु.१ लाख ६९ हजार पुन: थप निकासा दिइएको छ । विद्यालयको निकासा माग फाराम, विद्यालय व्यवस्थापन शाखाको सिफारिस र जिल्ला शिक्षा अधिकारीको निर्णय संलग्न गरी निकासा दिनु पर्नेमा सो प्रमाण वेगर नै छुटको कारण स्पष्ट नगरी रु.२४ लाख ११ हजार विद्यालयको खातामा थप निकासा पठाएको देखिएकोले असुल गर्नु पर्दछ ।

१०. **तलबी प्रतिवेदन** : शिक्षकहरुको तलबी प्रतिवेदन विद्यालय शिक्षक किताव खानाबाट पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा यो बर्ष रु.४० करोड २७ लाख २० हजार खर्च लेखेकोमा तलबी प्रतिवेदन पारीत भएको देखिएन । नियमावलीको पालना गरी खर्च गरिनु पर्दछ ।

११. **बढी निकासा :** यो वर्ष जिल्लामा ३४ वटा उच्च मा.वि.रहेकोमा ७ वटा लाई अनुदान गएको छैन । स्वीकृत वार्षिक कार्यक्रममा दरबन्दीका शिक्षक २५ र तलब अनुदान ४९ गरी ७४ जना शिक्षक कार्यरत रहेकोमा ५८ जनाको तलब यस कार्यालयबाट निकासा भएको छ । सो निकासामध्ये २२ जनाको तलब अनुदान निकासाको फाईल पेश नभएकोले लेखापरीक्षण हुन सकेन । बैंक नगदी किताब, आर्थिक विवरण अनुसार रु.२ करोड १५ लाख ३२ हजार खर्च भएको उल्लेख भएकोमा जम्मा ५८ जनालाई रु.२ करोड १० लाख ९८ हजार यस कार्यक्रममा निकासा हुनु पर्नेमा रु.४ लाख ३४ हजार बढी निकासा गएको देखिएकोले असुल गर्नु पर्दछ ।

त्यस्तै अर्को एक उच्च मा.वि.का ३ शिक्षकको रु.९४ हजार निकासा दिनु पर्नेमा रु.१ लाख ५४ हजार निकासा दिएकोले रु.४९ हजार बढी निकासा असुल गर्नु पर्दछ ।

१२. **विद्यालय संख्या र शिक्षक विवरण** : जिल्लामा संचालित नि.मा.वि.७२ मा कार्यरत १७४ शिक्षकको लागि रु.१३ करोड ५५ लाख ४९ हजार र ३४ मा.वि.मा कार्यरत १९२ शिक्षकको रु.२ करोड १५ लाख ३२ हजार समेत रु.१५ करोड ७० लाख ८० हजार तलब, विशेष भत्ता, प्र.अ.भत्ता र चार्डपर्व खर्च समेत सम्बन्धित विद्यालयको खातामा दाखिला गरेको छ । उक्त विद्यालय मध्ये १३ मा.वि.र १३ नि.मा.वि.को कारोवारको परीक्षण गर्दा विद्यालयले पुष्ट्याइँ सहित शिक्षकको तलव लगायतका रकम निकासा गर्न माग गरे वमोजिम पुष्टि हुने रकम कार्यालयले विद्यालयको खातामा निकासा दिनुपर्नेमा २ उच्च विद्यालयले निकासा माग गरेको भन्दा बढी रु.२ लाख ८९ हजार असुल गर्नु पर्दछ । एक उच्च मा.वि.का नि.मा.वि.द्वितीय एक शिक्षकको २०७१।२।७ मा अवकाश भएकोमा २०७२।६।२२ मा रु.१ लाख ४० हजार निकासा भएकोले सो रकम असुल हुनु पर्दछ ।

१३. **शिक्षक विद्यार्थी अनुपात** : एक मा.वि. मा विद्यार्थी संख्या १६५ रहेकोमा १५ जना शिक्षक कार्यरत देखाइ उक्त शिक्षकहरुको लागि यो वर्ष तलव, भत्ता तथा अन्य अनुदान समेतमा रु.१४ लाख ३६ हजार सम्वन्धित विद्यालयको वैंक खातामा निकासा दाखिला गरेको छ । उक्त विद्यालयको विद्यार्थी संख्या अनुपातमा अत्यधिक शिक्षक कार्यरत रहेको पाइएकोले विद्यार्थी शिक्षकको अनुपातमा शिक्षकको व्यवस्था गरी वढी दरवन्दी शिक्षक नपुग विद्यालयमा सरुवा/ पदस्थापना गरिनु पर्दछ ।

१४. **हिसाव मिलान** : एक प्रा.वि.शिक्षकलाई दोश्रो चौमासिकमा रु.९३ हजार बजेट शिर्षक फरक पारी खर्च लेखेकोमा श्रोतान्तर गरी हिसाव मिलान गरेको छैन ।

१५. **खाता रोक्का** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्ष भित्र खर्च नभई वाँकी रहन आएको रकम कार्यालयले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष आषाढ २० गते १२२ विद्यालयको खातामा निकासा छाडेको भौतिक निकासाको रु.६ करोड ६५ लाख ५० हजार विद्यालयलाई निकासा देखाई विद्यालयको वैंक खातामा रकम दाखिला गरी पुनः सो रकम निकासा पाउने विद्यालयको वैक खाता रोक्का गरेको पाइयो । वर्षान्तमा वजेट फ्रिज हुन नदिने उद्देश्यले कोष तथा लेखा नियन्त्रण कार्यालयवाट निकासा लिई विद्यालयको खातामा दाखिला गरि खाता रोक्काको अनियमित कारोवार गरेको छ ।

१६. **गोष्ठी :** विद्यालय भर्ना अभियान कार्यक्रमको २०७३।१।६मा एक दिने गोष्ठी संचालनमा रु.५० हजार सोधभर्ना भुक्तानी दिएको छ । सरकारी वजेटवाट उक्त कार्यक्रम संचालन गर्नु पर्नेमा

सहायक जिल्ला शिक्षा अधिकारीले व्यक्तिगत रकम खर्च गरि उक्त गोष्ठी संचालन गर्नु पर्ने आवश्यकता पुष्टि हुन सकेन ।

शिक्षा विभागवाट २०७२।७३ को लागी प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यार्थी भर्ना वृद्धि र विद्यार्थीलाई टिकाई राख्नको लागि रेडियो, टि.भी., पत्र पत्रिकामा प्रचार प्रसार, पोष्टर, स्टिकर छपाई आदिमा खर्च गर्नु पर्नेमा गोष्ठी संचालनमा खर्च देखाएको छ । एक दिने गोष्ठीमा ५१ जना सहभागी भएको जनाई रु.३००।- का दरले रु.१६ हजार सहभागीको हाजिरी वेगर भुक्तानी गरेको भरपाई पेश गरेको छ । एक फर्मको विलवाट स्पाइरल ६५,सेलोजेल ५० को रु.७ हजार सहभागीलाई वितरणको अभिलेख वेगर खर्च लेखेको देखिन्छ । साथै व्यक्तिगत प्रयोगको मोवाइल रिचार्ज खर्च रु.१ हजार भुक्तानी लिएको असुल गर्नु पर्दछ ।

१७. **अनुगमन नगरेको** : कार्यालयले यो वर्ष विभिन्न छात्रवृत्ति वितरणमा रु.४२ लाख २३ हजार खर्च लेखेको छ । छात्रवृत्ति वितरणवाट विद्यार्थीमा परेको प्रभाव, विद्यार्थीमा भएको शिक्षाको गुणस्तरमा वृद्धि, विद्यालयमा विद्यार्थी उपस्थितिको निरन्तरता, अभियानको लक्षित वर्गले निर्दिष्ट प्रयोजनमा उपयोग गरे नगरेको, भविष्यमा यो कार्यक्रमलाई निरन्तरता दिने नदिने आदि विषयमा कार्यालयले अनुगमन गरेको पाइएन । निर्दिष्ट कार्यमा लक्षित वर्गले प्राप्त छात्रवृत्तिको असरको मुल्यांकन गरिनुपर्दछ ।

त्यस्तै यो वर्ष कक्षा १-१२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक वितरणमा रु.२ करोड ७५ लाख ६९ हजार खर्च लेखी सम्वन्धित विद्यालयको खातामा रकम दाखिला गरेको छ । उक्त छात्रवृत्ति वितरणवाट विद्यार्थी, अभिभावक, शिक्षक र समाजमा पारेको प्रभाव, वढाइको स्तर, समाजमा यसले पार्ने योगदान र भविष्यमा यो कार्यक्रमलाइ निरन्तरता दिन आवश्यक छ छैन अनुगमन र मुल्यांकन गरेको छैन ।

१८. **बढी खर्च** : खर्च शीर्षक २२५२२ वाट रु.१ लाख ६८ हजार खर्च लेखेकोमा भौचर साथ संलग्न ७ थान फांटवारी अनुसार भरपाईको जोड रु.१ लाख ५२ हजार मात्र हुनेमा रु.१६ हजार वढी खर्च लेखेको असुल गर्नु पर्दछ ।

१९. **कागजात बेगर खर्च** : ६।६ जना विद्यालय निरीक्षक ३ जना श्रोत व्यक्तिको २०७२ श्रावण देखि फागुण सम्मको फिल्ड भत्ता रु.१ लाख ५ हजार खर्च लेखेकोमा एक विद्यालय निरीक्षकले रु.७ हजार २०० वुझिलिएको भरपाई र खर्च पुष्ट्याइँ गर्ने प्रमाण कागजात वेगर अनियमित खर्च लेखेको छ ।

२०. **व्यक्तिगत प्रकृतिका खर्च** : व्यक्तिगत प्रयोगमा आउने सामानहरु प्रेसर कूकर १ थान, कराही १ थान, फिल्टर-१ थान, तन्ना-२ थान सहित खरिदमा रु.१२ हजार १९० खर्च लेखेको छ । सामान खरिद गर्नुपर्ने प्रयोजन नखुलेको, हाल मौज्दात नरहेको र व्यक्तिगत प्रयोगमा आउने सामानमा खर्च लेखेकोले खर्चमा नियन्त्रण गरी असुल गर्नु पर्दछ ।

२१. **हस्तान्तरण** : कार्यालयले यो वर्ष ८ कोठे वहुवर्षीय विद्यालय भवन ७ वटा निर्माणमा रु.१६ लाख ८० हजार, ६ कोठे वहुवषीय विद्यालाय भवन निर्माणमा रु.१ करोड २६ लाख, ३ कोठे १५ विद्यालय भवन ४ कोठे वहुवार्षिय ११ विद्यालय भवन निर्माणमा रु.१ करोड ५४ लाख, निर्माण र फर्निचरमा निर्माणमा रु.२ करोड ९२ लाख ५० हजार , २ कोठे विद्यालय भवन र फर्निचरमा रु.१२ करोड १६ लाख, छात्रा शौचालय निर्माण, विद्यालयहरुको वाहिरी वातावरण सुधार अन्तर्गत २१ शौचालय निर्माण तथा खानेपानी व्यवस्थापनमा रु.८४ लाख, शौचालय ६४ मर्मतमा रु.१४ लाख, भूकम्पवाट सामान्य क्षति पुगेका ३४ विद्यालयका लागि मर्मत अनुदान रु.८५ लाख, आवासीय छात्रावास भवन

निर्माण र सामान्य मर्मत संभारको लागि रु.१२ करोड ४२ लाख ५० हजार सम्वन्धित विद्यालयको खातामा वैक दाखिला गरेको छ । संचालित कार्यक्रम तथा विद्यालयमा निर्माण भएका आयोजनाहरुको अनुगमन मूल्यांकन गरेको अभिलेख राखेको छैन । अनुदान निकासावाट निर्मित भौतिक संरचनाहरुको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, सहित सम्वन्धित विद्यालय व्यवस्थापन समितिलाई निर्मित भौतिक सम्पत्तिको मर्मत सम्भारको जिम्मा दिइ हस्तान्तरण गरेको प्रमाण समेत पेश नभएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

२२. **लेखापरीक्षण :** यो वर्ष युनिसेफवाट रु.१६ लाख ११ हजार निकासा प्राप्त भएकोमा उक्त कारोवारको आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएको छैन ।

२३. **कर समायोजन पत्रः**सम्वन्धित आन्तरिक राजश्व कार्यालयको कर समायोजन पत्र पेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्नेमा सो वेगर नै एक निर्माण सेवालाई रु.१६ हजार धरौटी फिर्ता गरेको छ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, मूल्य नखुलेका सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ मा मर्मत अभिलेख नराखेको, भ्रमण अभिलेख नराखेको, घरजग्गाको लगत नराखेको, तोकिएको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको, आन्तरिक लेखापरीक्षणबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको, कन्टिजेन्सी खर्चलाई नापी कितावमा प्रविष्टि नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **बढी खर्च** : राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार कार्यक्रम तर्फ एक कर्मचारीले कार्यक्रम संचालन गर्न लिएको पेश्की फछ्र्यौट गर्दा पेश्की लिनु पूर्वको रु.१५ हजार भ्रमण खर्चको बिल वेगर अनियमित खर्च लेखेको छ । स्वास्थ्य शिक्षाको काम गरेको पारिश्रमिक रु.२५ हजार एक व्यक्तिलाई भुक्तानी गर्दा अग्रिम कर रु.४ हजार कट्टी नगरेको र स्वीकृत वजेट र कार्यक्रममा निर्दिष्ट विनियोजित वजेट भन्दा रु.१४ हजार वढी खर्च लेखेको समेत रु १८ हजार असुल गर्नुपर्दछ ।

३. **कार्यक्रम विपरित खर्च :** प्रसुती हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला (लुगासेट) वितरणमा खर्च लेख्नुपर्ने कार्यक्रम रहेकोमा सो व्यवस्था विपरित रु.४५ हजार एक स्वीट हाउसलाई खाजा, खाना पानी चिया आदिको भुक्तानी तथा एक इम्पोरियमलाई मार्फिन कपडा १५५ मिटर, टेलिफोन सेट २, स्प्रे फिनेल १५, व्याग ३,समेत खरिदको रु.३६ हजार भुक्तानी दिएको अनियमित खर्च असुल हुनु पर्दछ ।

गैर सरकारी सेवा प्रदायकसंग करार गरी २४ घण्टा सि.ई.ओ.सी. संचालनमा खर्च गर्ने कार्यक्रम रहेकोमा सो विपरित एक होटलको सामान्य विल संलग्न गरी चिया ६८० कपको रु.७ हजार एक व्यक्तिलाई भुक्तानी दिएको छ ।

४. **प्रमाण वेगर भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० अनुसार गत वर्षको भुक्तानी दिन वांकीको प्रमाणित म.ले.प.फा.नं.१८ वेगर गत वर्षको भुक्तानी भनी एक कर्मचारीलाई रु.१ लाख भुक्तानी दिएकोमा कुन अवधिको हो विवरण खुलाइएको छैन ।

त्यसै गरी व्यवस्थापन सूचना प्रणाली तर्फ गत वर्ष खरिद गरेको स्वास्थ्य उपकरणको रु.८ हजार ४१८ प्रमाणित अभिलेख वेगर भुक्तानी दिएको छ । प्रमाणित अभिलेखको आधारमा खर्च लेख्नुपर्नेमा सो विपरित खर्च पुष्टि गर्ने प्रमाण वेगर अनियमित खर्च लेखेको रकम असुल गर्नु पर्दछ । बाल स्वास्थ्य तर्फ एक गाडी मर्मतमा मू.अ.कर समेत रु.४५ हजार गत वर्षको खर्च भएको जनाई प्रमाणित अभिलेख वेगर अनियमित खर्च लेखेको रकम असुल गर्नु पर्दछ ।

५. **भर्पाई बेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) वमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था विपरित खर्च शीर्षक नं. २७१११ मार्फत रु.२५ लाख ७० हजार  खर्च लेखी ७ व्यक्तिको रु.५ लाख ५० हजार उपलव्ध गराएको समेत रु.३० लाख ८० हजार खर्च लेखेको मध्ये इकाई मूल्य भुक्तानी देखाएको रु.९ लाख ५८ हजार सम्वन्धितले वुझिलिएको भरपाई वा प्रमाण वेगर खर्च लेखेको रकम असुल गर्नु पर्दछ । साथै नियमावलीको प्रक्रिया पालना नगरी ९ व्यक्ति र ७ संस्थालाई यातायात खर्च वापत रु.२५ लाख ६० हजार खर्च लेखी भुक्तानी गरेकोमा खर्च पुष्टि गर्ने प्रमाण कागजात वेगर अनियमित खर्च लेखेको छ ।

त्यसै गरी परिवार नियोजन स्थायी वन्ध्याकरणको रु.५७ हजार, एक चिकित्सकलाई मिनी ल्याप सुपरीवेक्षणको रु.३२ हजार, एक प.नि.अ.लाई रु.१८ हजार दैनिक भत्ता भुक्तानी समेत रु.१ लाख ७ हजार  खर्च पुष्टि गर्ने भ्रमण प्रतिवेदन, कार्य विवरण र अन्य  प्रमाण कागजात वेगर अनियमित खर्च लेखेको देखिन्छ ।

६. **प्रतिस्पर्धा वेगर खरिद :** सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार प्रतिस्पर्धा गराई खरिद गर्नु पर्नेमा एक जनरल स्टोरवाट प्रतिस्पर्धा वेगर मासिक प्रगति प्रतिवेदन फाराम १८०० प्रति छपाइको मू.अ.कर समेत रु.१ लाख ३२ हजार भुक्तानी दिएको छ । त्यसैगरी रु.१ लाख ४८ हजारको उपकरण सोझै खरिद गरी भुक्तानी गरेको छ । प्रतिस्पर्धा वेगर अनियमित खर्च लेखेको देखिन्छ ।

७. **असम्वन्धित खर्च** : व्यवस्थापन सूचना प्रणाली तर्फ मोवाइल रिजार्च वापत रु.१० हजार भुक्तानी भएकोमा स्वीकृत कार्यक्रममा नभएको क्षेत्रमा अनियमित खर्च लेखेको देखिन्छ । त्यस्तै अर्को एक कार्यक्रमबाट रु.७ हजार मोवाइल टेलिफोनको रिचार्ज कार्ड खरिद गरेकोमा सो खर्च समेत कार्यक्रमसंग सम्वन्धित देखिंदैन ।

८. **टुक्रा गरी कार्य गराएको** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा वढी रकमको वा एउटै व्यक्ति कम्पनी वा फर्मवाट रु.३ लाख रुपैयाभन्दा वढी मालसमान एक पटकभन्दा वढी खरिद गर्न नसकिने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको लागत अनुमान टुक्रा गरी रु.१६ लाख १७ हजार अनियमित खर्च लेखी निर्माण कार्य गराएको देखिन्छ ।

९. **प्रमाण वेगर खर्च :** बाल स्वास्थ्य तर्फ ढुवानी औषधी परिमाण र औषधी वुझाएको प्रमाण वेगर औषधी ढुवानी खर्च भनी दुई चालकलाई डिजल र मोविल समेतको रु.३३ हजार सोधभर्ना भुक्तानी गरेको छ । त्यसैगरी एक खोप सुपरभाइजर अधिकृतले रु २० हजार मूल्यको २०० थान स्पाइरल डायरी, २०० थान डटपेन, २०० थान फाइल र, २०० थान पेन्सिल तालिममा सहभागीहरुलाई वितरण गरेको व्यहोरा उल्लेख गरे तापनि सम्वन्धित प्रशिक्षार्थीले सामान बुझेको नदेखिएकोले खर्च रकम नियमसम्मत देखिएन । एक टेण्ट एण्ड लाइट हाउसलाई रु.७१ हजार भुक्तानी

देखाएकोमा रु.७ हजार अग्रिम कर कट्टी गरेको छैन । खोप संचालनमा दुई व्यक्तिले प्रति व्यक्ति रु.१ हजार दरले रु.२ हजार भत्ता वुझेको भरपाइ पेश नभएकोले असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

अर्को एक भौचरवाट भ्रमण भत्ता वितरणको रु.५६ हजार समेत रु.१ लाख २६ हजार कार्यक्रम खर्च लेखेको मध्ये भ्रमण खर्च लेखेको रु.५६ हजारको विल भरपाइ र खर्चको फांटवारी संलग्न नभएकोले खर्च अनियमित देखिन्छ ।

औषधि दाखिला र प्रयोजन नखुलाई रु.१ लाख ९७ हजार र जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गतका ५ स्वास्थ्य कर्मचारीलाई नियुक्तिको प्रमाण वेगर रु.१९ हजार अनियमित खर्च लेखेको छ ।

१०. **प्रयोजन नखुलेको** : दरभाउ पत्रको माध्यमवाट औषधी खरिद गरी एक मेडिसिन सेन्टरलाई रु.१ लाख ९७ हजार भुक्तानी दिएको छ । संलग्न औषधीको दाखिला रिपोर्टमा जिन्सी खा.पा.नं उल्लेख नभएको, जिन्सी खातामा दाखिला नभिडेको र प्रयोजन पनि नखुलेकोले औषधी खरिद खर्च देखाएको रकम असुल गर्नु पर्दछ ।

११. **कर कट्टी** : दैनिक रु.१५ हजारले ३ दिन औषधी र स्वास्थ्य सामग्री विभिन्न स्वास्थ्य चौकीमा ढुवानी गरेको देखाई रु.४५ हजारको ढुवानी खर्चको भरपाई पेश गरी कर्मचारीको पेश्की फछ्र्यौट गरेको छ । आयकर ऐन, २०५८ को दफा ८८ अनुसार अग्रिम कर कट्टी नगरेको रु.४ हजार ५०० असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

१२. **पेश्की वांकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ वमोजिम वर्षान्तमा वांकी रहेको पेश्की रु.६ लाख १६ हजार फछ्र्यौट गर्नुपर्दछ ।

१३. **जांच नगरेको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा व्यवस्था भए अनुसार रकमको भुक्तानी दिंदा रीत पुगे नपुगेको जांच गर्नुपर्ने, उपनियम ९ अनुसार गरेको कामको जवाफदेही कार्यालय प्रमुखको हुने व्यवस्था छ । कार्यालयले २०७३।३।२४ मा खर्च लेखेको रु.१ लाख १६ हजारको प्रमाणित विल भरपाई वेगर खर्च लेखेको रकम असुल गर्नु पर्दछ ।

१४. **राशन ठेक्का :** कार्यालयले अस्पतालमा भर्ना भएका विरामीलाई राशन वितरण गर्न नयां ठेक्का प्रक्रिया नअपनाइ गतविगत कै रासन आपूर्तक मार्फत राशन आपूर्ति गराई निजलाई वर्ष भरमा रु.१९ लाख ५० हजार भुक्तानी दिएको छ । विरामी भर्नाको विवरण र चिकित्सकले सिफारिश गरेको डाइट स्लिपको आधारमा राशनको विवरण तयार गरी सो अनुसार खर्च यकिन गर्नु पर्नेमा विरामीको विवरण संलग्न नगर्नुको अतिरिक्त डाइट स्लिपमा चिकित्सकले प्रमाणित समेत गरेको देखिएन । पुष्ट्याई गर्ने प्रमाण संलग्न नगरी खर्च यकिन गर्न नसकिने र वर्षेनी ठेक्का पट्टा नगरी गत विगत कै ठेकेदारवाट राशन आपूर्ति गराउंदाको रु १९ लाख ५० हजार मितव्ययी खर्च छ भन्न सकिने अवस्था रहेन ।

१५. **दोहोरो खर्च :** करार सेवामा कर्मचारी नियुक्ति गर्न भएको अन्तरवार्ता कार्यक्रममा १६ जना कर्मचारीलाई पारिश्रमिक वापत रु.५३ हजार र खाजा खर्च वापत रु.१२ हजार खर्च लेखेकोमा २०७३।३।५ बाट पुनः अन्तरवार्ता कार्यक्रमको सहभागी खाजा खर्च वापत रु.४१ अजार खर्च लेखेकोले दोहोरो खर्च रकम असुल हुनुपर्दछ । त्यस्तै एक व्यक्तिलाई पारिश्रमिक वापत रु.६ हजार ६०० र खाजा खर्च वापत रु.१ हजार २०० नगदै भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतले लाग्ने कर रु.१ हजार १७० कट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

१६. **जोखिम भत्ता** : प्रयोगशाला जोखिम भत्ता निर्देशिका, २०७२ को बुँदा ५ मा प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई शुरु तलब स्केलको २५ प्रतिशत रकम मासिक रुपमा जोखिम भत्ता उपलब्ध गराउने व्यवस्था अनुरुप कार्यालयको २०७२।३।९ को निर्णयानुसार ९ जना कर्मचारीलाई जोखिम भत्ता वापत भाद्र देखि आषाढ सम्मको रु.४ लाख ७ हजार उपलब्ध गराएको छ। जोखिम भत्तामा १५ प्रतिशतले पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत कट्टी गरेकोले घटी कर कट्टी रु.६१ हजार असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ।

१७. **शीर्षक फरक पारी खर्च :** कार्यालयले एक मिडिया प्रा.लि.लाई रु.८६ हजार भुक्तानी गरेको रकम तलव शिर्षकवाट खर्च लेखेकोले अनियमित देखिएको छ।

१८. **कबोल दरभन्दा बढी भुक्तानी** : एक भवन मर्मतको रु.२ लाख २५ हजार (मु.अ. कर बाहेक) लागत अनुमान स्वीकृत गरी न्यूनतम कबोल गर्ने एक कन्स्ट्रक्सनले पेश गरेको कामको प्रति स्क्वायर मिटर रु.१ हजार कवोल रहेकोमा सो भन्दा बढी दरले भुक्तानी गरेकोले रु.१२ हजार बढी भुक्तानी असुल गर्नु पर्दछ।

१९. **थप कार्यको स्वीकृति** : कार्यालय भवन मर्मत सुधार गर्न रु.२ लाख २१ हजारको लागत अनुमान तयार गरी एक निर्माण सेवालाई दरभाउपत्र मार्फत रु.२ लाख ४९ हजार (मू.अ.कर समेत) निर्माण कार्य सम्पन्न गराई भुक्तानी गर्दा निर्माण व्यवसायीले कर वीजक वेगर खर्च लेखेको छ। लागत अनुमान भन्दा बढी कार्यको स्वीकृति पेश नभएकोले बढी भुक्तानी रु.२८ हजार असुल गर्नुपर्दछ।

२०. **औषधी वितरण :** निशुल्क रुपमा वितरण भएको औषधीको तीन वर्षको वितरण संख्यालाई आधार मानी यस वर्षको आवश्यक औषधी परीमाण अनुमान गर्नुपर्नेमा सो अनुसार प्रतिवेदन तयार गरेको छैन। औषधीको लागत अनुमान तयार गर्दा औषधी व्यवस्था विभागले निर्धारण गरेको दररेट, स्थानीय औषधी विक्रेताको मुल्य, गत वर्षको दररेटलाई आधारमानी लागत अनुमान तयार गर्नु पर्नेमा यस वर्ष औषधीको खरिद प्रकृयामा उल्लिखित प्रकृया पूरा नगरी ९० प्रकारका औषधीको रु.३९ लाख ६३ हजार र न्यानो झोला सेट ५,००० को रु.३८ लाखको लागत अनुमान तयार गरेको छ।

२१. **सट्टा विदाको भुक्तानी** : एक कर्मचारीलाई वर्ष भरि नै विदाको अवधिमा काम गरेको भनी सट्टा विदाको रु.२६ हजार निज कर्मचारी आफैले प्रमाणित गरेको विदाको अभिलेखको आधारमा भुक्तानी गरेको छ। कर्मचारीको उपस्थिति प्रशासन शाखाले प्रमाणित गर्नुपर्नेमा कर्मचारी आफैले प्रमाणित गरी भुक्तानी दिनु नियमसंगत भएन।

२२. **कर समायोजन पत्र** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४(२) वमोजिम निर्माण व्यवसायीले कर समायोजन पत्र पेश गरे पछि मात्र धरौटी फिर्ता दिनु पर्नेमा कार्यालयले उक्त पत्र वेगर यो वर्ष ६ निर्माण व्यवसायीको धरौटी रु.५ लाख ७६ हजार फिर्ता गरेको छ।

२३. **वार्षिक कार्यक्रम** : अस्पताल विकास समिति गठन सञ्चालन निर्देशिका, २०६८ अनुसार तोकिएका कार्यक्रम गर्न आयको अनुमान र व्यय शीर्षक तय गरी समितिको बैठकवाट आय व्यय अनुमान स्वीकृत गर्नुपर्दछ। हाल गौर अस्पताल विकास समिति गठन नभएकोले आय तथा व्ययको अनुमान, वार्षिक कार्यक्रम स्वीकृत नै नगरी यो वर्ष रु.४२ लाख ९१ हजार आम्दानी, खर्च गरेको छ।

२४. **वैंक मौज्दात** : यो वर्ष शुल्कबाट प्राप्त भएको आम्दानी मध्ये रु.५ लाख ४३ हजार बैंक मौज्दात देखाएको छ। वैंक आम्दानी घटी देखिएको रु.२ लाख ३ हजारको २०७३।३।१५ मा अस्पतालका

एक कर्मचारीलाई पेश्की जनाएको पाइयो । सो रकम असुल उपरको अविलम्व कारवाही गरी समितिको बैंक खातामा जम्मा गर्नु पर्दछ ।

## महिला तथा बालबालिका कार्यालय

१. **अनुगमनः** ३ संस्थालाई समाज कल्याणका कार्यक्रम संचालन गर्न संझौता वमोजिम रु.५ लाख ८५ हजार अनुदान उपलब्ध गराएको र सो कार्यक्रम सम्पन्न भएको भनी प्रतिवेदन पेश भएको छ। कार्यक्रमवाट लक्षित वर्गमा परेको प्रभाव र उनीहरुको क्षमता विकास भए नभएको, सचेतनाको उपलब्धि भए नभएको स्थलगत निरीक्षण गरी अनुगमन प्रतिवेदन तयार गरेको छैन ।

२. **विउपूँजी** : चालु कोष स्थापना तथा विउपूँजी परिचालन निर्देशिका,२०६० अनुसार महिला सहकारी संस्थाहरु बीच कृषि, पशुपालन, व्यापार, स्वास्थ्य शिक्षा, आदि व्यवसाय संचालन गरी लगानी गर्न महिला तथा बालवालिका कार्यालयले विउ पूँजी स्वरुप २६ महिला सहकारी संस्थालाइ लगानी गरेकोमध्ये केही संस्थाले मात्र लगानी फिर्ता गरेको प्रगति विवरणमा उल्लेख छ। २०५८।५९ देखि २०६८।६९ सम्मको लगानी ५ वर्ष भित्रमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेकोमा २०५९।६० देखि हालसम्म लगानी भएको रु.१० लाख २५ हजारको सांवा व्याजको हिसाव यकिन गरी अद्यावधिक गरिनु पर्दछ । यस सम्वन्धमा गत विगतको प्रतिवेदनमा औल्याए तापनि सुधार भएको छैन । अद्यावधिक गर्न बाँकी रु.१४ लाख ७६ हजार वांकी देखिएकोमा यस वर्ष सावां रु.४ लाख ५१ हजार र व्याज रु.३४ हजार असुल भएको र रु.१० लाख २५ हजार सावां वांकी देखिएको छ । वांकी रकम अविलम्व फछ्र्यौट गर्ने तर्फ कारवाही हुनुपर्दछ ।

३. **कार्यक्रम संचालन** : जिल्ला विकास समितिवाट पोषण कार्यक्रमका लागि प्राप्त भएको रु.५ लाख ख.५ खाता जम्मा रहेकोमा लेखापरीक्षण अवधिसम्म कार्यक्रम संचालन नभई वाँकी रहेको छ ।

## मालपोत कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ मा मर्मत अभिलेख नराखेको, भ्रमण अभिलेख नराखेको, घरजग्गाको लगत नराखेको, तोकिएको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको, आन्तरिक लेखापरीक्षणबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको, कन्टिजेन्सी खर्चलाई नापी कितावमा प्रविष्टि नगरेको, आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **मुद्दा सम्वन्धी विवरण** : कार्यालयबाट उपलब्ध विवरण अनुसार गत वर्ष २५५ र यो वर्ष १,६६३ समेत १,९१८ थान मुद्दा दर्ता भएकोमा जिम्मेवारी मध्येको १८४ र नयाँ दर्ता भएको मध्ये १,४०३ गरी १,५८७ थान मुद्दा फछ्र्यौट भएको विवरण पेश भएको छ ।

३. **दस्तुर वाँडफाँड** : यो वर्ष रु.११ करोड ६९ लाख ५३ हजार रजिष्ट्रेशन दस्तुर असुली गरेकोमा रु.२ करोड ७७ लाख ४१ हजार जि.वि.स./न.पा.लाई र रु.७ करोड २२ लाख १ हजार राजस्व दाखिला गरेको छ। वांकि रु.१ करोड ७० लाख ११ हजार वाँडफाँड हुन वांकी देखाएको छ। उक्त वाँकी रकम लेखापरीक्षण अवधिसम्ममा समेत वांडफांड भएको छैन । उक्त रकम वांडफांड गरी हिसाव यकिन गरिनु पर्दछ ।

४. **घटी राजस्व असुली :** कार्यालयले ३ रजिष्ट्रेशनवाट प्राप्त हुनुपर्ने भन्दा रु.५ हजार घटी राजस्व असुली गरेको पाइएकोले कारोवारमा सलग्न पदाधिकारीवाट असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **पूँजि लगानी :** स्थानीय विकास कोष विनियमावली, २०५८ को विनियम १०(५) मा कोषबाट ऋण दिने सामूदायिक संस्थाले कोषसँग भएको सम्झौता वा साझेदारीको सहमति पत्र बमोजिम निर्धारित शाखामा कोषलाई बुझाउनुपर्ने ऋणको सावा व्याज र सेवा शुल्क ४ गा.वि.स.बाट रु.२० लाख ६१ हजार बुझाएकोमा नियमावली बमोजिमको हर्जाना कोषले प्राप्त गर्नु पर्दछ । बुझाईसक्नु पर्ने निर्धारित मितिपछि ऋण भुक्तानी गरेमा हर्जाना तिर्नुपर्ने भए सो समेत कोषलाई बुझाउनुपर्ने व्यवस्था छ । ५ वटा सामुदायिक विकास कोषमा २०६४/६५ मा घुम्ती कोष संचालनको लागि उपलब्ध गराइएको रु.१६ लाख समेत रु.३० लाख ९१ हजार लगानी देखाएको छ । आषाढ मसान्तसम्मको व्याज र हर्जाना असुल गर्न बाँकी मध्ये चालु बर्षको रु.२ लाख ४५ हजार असुल गर्नु पर्दछ ।

२. **कोषको सक्रियता :** स्थानीय वासिन्दाको आय आर्जन बृद्धि गर्नका लागि घुम्ती कोषतर्फ ऋण लागनीका लागि उपलब्ध बजेटलाई निर्दिष्ट वर्गमा लगानी गरी उपलब्ध श्रोतको उपभोग गर्नुपर्नेमा रु.१५ लाख ७४ हजार ७ सय ३४ ऋण लागनी नगरी निष्कृय रहेकोले कोषको समुचित व्यवस्थापन गर्न सचिवालय सक्रिय रहनु पर्ने देखिन्छ ।

## सिंचाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, मूल्य नखुलेको सामानको मूल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ मा मर्मत अभिलेख नराखेको, भ्रमण अभिलेख नराखेको, घरजग्गाको लगत नराखेको, तोकिएको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको, आन्तरिक लेखापरीक्षणबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको, कन्टिजेन्सी खर्चलाई नापी कितावमा प्रविष्टि नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

३. **कागजात पेश नभएको :** उपभोक्ता समितिले गरेको कामको प्राविधिक मूल्यांकन, बील भरपाई प्रमाणित र समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गरिनुपर्दछ । एक सिचाई योजनाको निर्माण कार्यको लागत अनुमान रु.२४ लाख ४३ हजारको निर्माण कार्य गर्न कार्यालयले व्यहोर्ने रु.२१ लाख ९९ हजार र उपभोक्ता समितिले व्यहोर्ने रु.२ लाख ४४ हजारको कार्य सम्पन्न गरोकोमा उपभोक्ता समितिले गरेको कामको बील भरपाई, खर्च प्रमाणित गर्ने अन्य कागजात पेश गरेको पाइएन ।

४. **हस्तान्तरण नभएको :** यो वर्ष निर्माण सम्पन्न भएका विभिन्न दुई योजना उपभोक्तालाई हस्तान्तरण भएको छैन ।

५. **कर समायोजन पत्रः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४(२) वमोजिम निर्माण व्यवसायीले कर समायोजन पत्र पेश गरे पछि मात्र धरौटी फिर्ता दिनु पर्नेमा यस वर्ष ४ निर्माण व्यवसायीलाई सो पत्र बेगर रु.२ लाख ३८ हजार फिर्ता दिएको छ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३९ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र २ कार्यालयको जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार २६ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २७ मध्ये निम्न ४ कार्यालयको रु.२९ लाख २२ हजार बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु हजारमा) |
|---|---|---|---|---|
| १. | जिल्ला वन कार्यालय | ३२९१०६४<br>धरौटी | उपभोक्ता समिति पेश्की बाँकी<br>फिर्ता हुन बाँकी | ९,५०<br>१२,२२ |
| २. | जिल्ला हुलाक कार्यालय | ३५८०११३ | मोविलाइजेशन पेश्की बाँकी | १,७६ |
| ३. | जिल्ला भू-संरक्षण कार्यालय | ३२९१२४३<br>३२९८०४३ | उत्पादन सेवा पेश्की बाँकी<br>कार्यक्रम पेश्की बाँकी | ५०<br>५० |
| ४. | चपुर स्वास्थ्य केन्द्र | ३७०८०४३ | कर्मचारी पेश्की बाँकी | ४,७४ |
| | | | **जम्मा** | २९,२२ |

**(विश्वनाथ रेग्मी)**
**नायब महालेखारीक्षक**

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधि : विस्तृत** (रु लाखमा)

| सि. नं. | कार्यालयको नाम जिल्ला रौतहट | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोबार | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|
| १ | डिभिजन सडक कार्यालय, | ५७७२.७४ | ५४.३२ | ६७.५४ | ०.०० | ५८९४.५९ |
| २ | जिल्ला अदालत | ४४८.३४ | १५३.८९ | ३१९.९४ | ०.०० | ९२२.१७ |
| ३ | जिल्ला कृषि विकास कार्यालय | १०३३.८६ | २.९५ | ६.५३ | ०.०० | १०४३.३४ |
| ४ | जिल्ला निर्वाचन कार्यालय | ५७.५७ | ०.०० | ०.०० | ०.०० | ५७.५७ |
| ५ | जिल्ला पशुसेवा कार्यालय | ४२.९९ | १.०३ | २.३९ | ३४.८७ | ८१.२८ |
| ६ | जिल्ला विकास समितिको कार्यालय | ०.०० | ०.०० | ०.०० | २०३५५.१८ | २०३५५.१८ |
| ७ | स्थानीय विकास कोषको कार्यालय | ०.०० | ०.०० | ०.०० | २६.९७ | २६.९७ |
| ८ | जिल्ला प्राविधिक कार्यालय, | ६८९.७६ | १.८६ | २.९८ | ०.०० | ६९४.६१ |
| ९ | जिल्ला शिक्षा कार्यालय | ८८२४.८५ | २२१.८८ | १.३० | २२.५५ | ९०७०.५८ |
| १० | सिंचाई डिभिजन कार्यालय | ६८९.०२ | ०.३० | ६१.८७ | ०.०० | ७५१.१९ |
| ११ | जिल्ला स्वास्थ्य कार्यालय | २१७७.६७ | १०.११ | १८.२५ | ४२.९१ | २२४८.९५ |
| १२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १२३३.०६ | ७.८३ | ५७.२९ | ८३.६५ | १३८१.८३ |
| १३ | महिला तथा बालबालिका कार्यालय | १६६.२७ | ०.०० | ०.०० | ३२.०५ | १९८.३२ |
| १४ | मालपोत कार्यालय | १०३.७० | ७४५.७४ | ३३.४५ | ११८८.११ | २०७१.०० |
| | जम्मा | २१२३९.८३ | ११९९.९१ | ५७१.५४ | २१७८६.२९ | ४४७९७.५८ |

**लेखापरीक्षण विधि : आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| सि. नं. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोबार | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|
| १ | ईलाका प्रशासन कार्यालय, चपुर | २५.३३ | ० | ० | ० | २५.३३ |
| २ | व्यावसायिक सीप विकास तालिम केन्द्र | ३.२० | ०.२९ | ० | ० | ३.४९ |
| ३ | ट्राफिक प्रहरी कार्यालय | ० | ५६.३८ | ० | ० | ५६.३८ |
| ४ | जिल्ला वन कार्यालय | ६४४.११ | ५६.७६ | १०९.५७ | १९३.४८ | १००३.९२ |
| ५ | डिभिजन सहकारी कार्यालय | ४७.६२ | ० | ०.२३ | ८.२९ | ५६.१४ |
| ६ | ईलाका प्रहरी कार्यालय, चपुर | ४८५.७३ | ० | ० | ० | ४८५.७३ |
| ७ | जिल्ला हुलाक कार्यालय | ४०६.४७ | २०.०४० | २.७३ | १.१५ | ४३०.३९ |
| ८ | जिल्ला आर्युवेद स्वास्थ्य केन्द | ९५.७५ | ०.०१ | २.०२ | ० | ९७.७८ |
| ९ | जिल्ला प्रहरी कार्यालय | १८०९.९१ | ०.७३ | १७.३१ | ३०६.२९ | २१३४.२४ |
| १० | मध्य क्षे. प्र आ. विद्यालय | ७९.५० | ० | ०.४४ | ० | ७९.९४ |
| ११ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ७२.०६ | ०.०५ | ०.९० | ० | ७३.०१ |
| १२ | इंलाका प्रहरी कार्यालय, गरुडा | ५१३.६८ | ० | ० | ० | ५१३.६८ |
| १३ | करदाता सेवा कार्यालय | २८.२९ | १६४१.४३ | ०.४५ | ० | १६७०.१७ |
| १४ | इंलाका प्रशासन कार्यालय,गरुडा | ७.६७ | ० | ० | ० | ७.६७ |
| १५ | घरेलु तथा साना उद्योग | ८६.५३ | ७०.१७ | ३.५२ | ० | १६०.२२ |
| १६ | चन्द्र निगाहापुर अस्पताल | १४५.६० | ०.१३ | ०.९८ | ० | १४६.७१ |

| सि. नं. | कार्यालयको नाम जिल्ला रौतहट | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोबार | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|
| १७ | ईन्द्रबक्स गण | १३५.७६ | ० | ५.२१ | ० | १४०.९७ |
| १८ | जिल्ला प्रशासन कार्यालय | १३२.६० | २९९.९० | ४३.९५ | १७१.३५ | ६४७.८ |
| १९ | गौर नर्सिङ्ग इन्स्टिच्युट | ० | ० | ० | २.३८ | २.३८ |
| २० | जिल्ला सरकारी वकिल कार्यालय | ३२.१५ | ० | ०.१३ | ० | ३२.२८ |
| २१ | जिल्ला कारागार कार्यालय | ८९.५१ | ० | ०.४८ | ० | ८९.९९ |
| २२ | नापी कायालय | ११८.२५ | ११.७७ | ३४.९२ | २.२७ | १६७.२१ |
| २३ | राष्ट्रिय अनुसन्धान कार्यालय | ६७.६० | ० | ० | ० | ६७.६ |
| २४ | जिल्ला भुसंरक्षण  कार्यालय | २७७.५२ | ० | ० | ९.७७ | २८७.२९ |
| २५ | सशस्त्र प्रहरी बल सि.सु कार्यालय | १४८७.०७ | ० | ५.५१ | ० | १४९२.५८ |
| २६ | भूमिसुधार कार्यालय | ३५.८३ | ०.७५ | २५२.१९ | २.७० | २९१.४७ |
| २७ | गौर भन्सार कार्यालय | १४८.५५ | ५१७.४८ | ३४५.३४ | २६.१४ | १०३७.५१ |
| | **जम्मा** | **६९७६.२९** | **२६७५.८९** | **८२५.८८** | **७२३.८२** | **११२०१.८८** |
| | **कूल जम्मा** | **२८२१६.१२** | **३८७५.८०** | **१३९७.४२** | **२२५१०.११** | **५५९९९.४६** |

अनुसूची २

# बेरुजूको स्थिती

(रु हजारमा)

| सि.नं. | कार्यालयको नाम | सुरु बेरुजू | | समायोजनबाट मिलान | | बाकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नूपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.क्रममा असुली | प्रतिकृयाबाट | जम्मा |
| १. | डिभिजन सडक कार्यालय, | ६२ | १९३४९२ | ४६ | ० | १६ | १५४४ | २१७१९ | १७०२२९ | १९३४९२ | ० | ० | ० |
| २. | जिल्ला अदालत | ४ | १०५३ | १ | ० | ३ | ० | १०५३ | ० | १०५३ | ० | ० | ० |
| ३. | जिल्ला कृषि विकास कार्यालय | ७ | ९७२१ | १ | ० | ६ | ० | ९७२१ | ० | ९७२१ | ५० | ० | ५० |
| ४. | जिल्ला पशुसेवा कार्यालय | ५ | ३७८ | ० | ० | ५ | ० | ३७८ | ० | ३७८ | ० | ० | ० |
| ५. | जिल्ला विकास समितिको कार्यालय | ३६ | ४७८०५ | ३ | ० | ३३ | ५४९ | १०५३ | ४६२०४ | ४७८०६ | ० | ० | ० |
| ६. | स्थानीय विकास कोषको कार्यालय | ३ | २४५ | १ | ० | २ | २४५ | ० | ० | २४५ | ० | ० | |
| ७. | जिल्ला प्राविधिक कार्यालय | १० | १२५६ | ० | ० | १० | २१३ | १०४२ | ० | १२५५ | ० | ० | ० |
| ८. | जिल्ला शिक्षा कार्यालय | २३ | १२७११८ | ० | ० | २३ | ११८९ | १२५७२३ | २०६ | १२७११८ | ० | ० | ० |
| ९. | सिंचाई डिभिजन कार्यालय | ५ | १४८६ | ० | ० | ५ | ० | ४८२ | १००४ | १४८६ | ० | ० | ० |
| १०. | जिल्ला स्वास्थ्य कार्यालय | ३७ | ९७२६ | १३ | ० | २४ | ९३५ | ८१७५ | ६१६ | ९७२६ | ० | ० | ० |
| ११. | खानेपानी तथा सरसफाई डिभि कार्यालय | ५ | ९२८० | ० | ० | ५ | ० | ० | ९२८० | ९२८० | ७३ | ० | ७३ |
| १२. | महिला तथा बालबालिका कार्यालय | ३ | १०८५ | ० | ० | ३ | ५०० | ५८५ | ० | १०८५ | ० | ० | ० |
| १३. | मालपोत कार्यालय रौतहट | ४ | ५ | ० | ० | ४ | ५ | ० | ० | ५ | ० | ० | ० |
| १४. | जिल्ला वन कार्यालय | २ | २१७२ | ० | ० | २ | ० | ० | २१७२ | २१७२ | ० | ० | ० |
| १५. | जिल्ला हुलाक कार्यालय | १ | १७६ | ० | ० | १ | ० | ० | १७६ | १७६ | ० | ० | ० |
| १६. | जिल्ला भू-संरक्षण कार्यालय | २ | १०० | ० | ० | २ | ० | ० | १०० | १०० | ० | ० | ० |
| १७. | चन्द्रनिगाहपुर स्वास्थ्य केन्द्र | १ | ४७४ | ० | ० | १ | ० | ० | ४७४ | ४७४ | ० | ० | ० |
| | **जम्मा** | २१० | ४०५५७२ | ६५ | ० | १४५ | ५१८० | १६९९३१ | २३०४६१ | ४०५५७२ | १२३ | ० | १२३ |

**द्रष्टव्य :**

- *वेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

अनुसूची ३

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | रौतहट जिल्ला अदालत | श्री चिन्तामणी शर्मा | श्री जगदिश ठाकुर/श्री उमेश कुमार घिमिरे |
| २. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री अनिल प्रसाद केशरी | श्री रामप्रकाश साह |
| ३. | जिल्ला कृषि विकास कार्यालय | श्री राज नारायण राय यादव | श्री लेखनाथ अधिकारी |
| ४. | जिल्ला विकास समितिको कार्यालय | श्री अरुण कुमार पोखरेल/श्री वन्दना झा/श्री उमेश बस्नेत | श्री खिमानन्द पौडेल/श्रीसुदिप गौतम |
| ५. | जिल्ला पशु सेवा कार्यालय | श्री अरुण कुमार पाण्डे | श्री सैलेन्द्र कुमार मिश्र |
| ६. | जिल्ला प्राविधिक कार्यालय | श्री मुक्तिराम भट्टराई | श्री हेमन्त कुमार बस्नेत |
| ७. | जिल्ला शिक्षा कार्यालय | श्री हेमन्त कुमार सिंहा/श्री प्रल्हाद प्रसाद वर्णवाल/श्री हरि प्रसाद वस्ती | श्री वैद्यनाथ झा/श्री महम्मद दाउद |
| ८. | जिल्ला स्वास्थ्य कार्यालय | श्री राज किशोर पण्डित/श्री विपिन कुमार यादव/श्री नागेश्वर प्रसाद जैसवाल | श्री राजेन्द्र कुमार राय |
| ९. | जिल्ला सिंचाई कार्यालय | श्री अजित कुमार गुप्ता | श्री सन्तोष राई |
| १०. | डिभिजन सडक कार्यालय,चपुर | श्री अर्विन्द कुमार गुप्ता | श्री रघुनाथ मैनाली |
| ११. | महिला तथा बालबालिका कार्यालय | श्री शुसिला कुमारी चौधरी | श्री वैद्यनाथ झा |
| १२. | मालपोत कार्यालय | श्रीसुमेश प्रसाद वाग्ले | श्री संजय कुमार झा/श्री रामहरी अर्याल |
| १३. | स्थानीय विकास कोषको सचिवालय | श्री जित बहादुर चौधरी | श्री पंकज मिश्रा |
| १४. | जिल्ला वन कार्यालय | श्री भगवान प्रसाद गुप्ता | श्री निला बहादुर रायमाझी |
| १५. | जिल्ला हुलाक कार्यालय | श्रीसुनिल कुमार ठाकुर | श्री रामबलम प्र.यादव |
| १६. | जिल्ला भू-संरक्षण कार्यालय | श्री श्याम सुन्दर श्रेष्ठ | श्री चुडामणी काफ्ले |
| १७. | चपुर स्वास्थ्य केन्द्र | डा. अभिनन्दन श्रीवास्तव | श्री चुडामणी काफ्ले |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np